# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan-RIAP)




## अन्तिम प्रतिवेदन

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेल्टार, उदयपुर, कोशी प्रदेश, नेपाल

## विषयसूची


**परिच्छेद एकः परिचय ....................................................... १**

१.१ पृष्ठभूमि ....................................................... १

१.२ अध्ययनको औचित्य ....................................................... २

१.३ अध्ययनको उद्देश्य ....................................................... २

१.४ अध्ययनको विधि तथा प्रक्रिया ....................................................... ३

१.५ अध्ययनको सीमा ....................................................... ४

१.६ कार्ययोजनाको ढाँचा ....................................................... ५

**परिच्छेद दुईः राजस्व परिचालन सम्बन्धी नगरपालिकाको विद्यमान अवस्था ..... ६**

२.१ नगरपालिकाको परिचय ....................................................... ६

२.२ नगरपालिकाको मानव संसाधनको अवस्था ....................................................... ९

२.३ नगरपालिकाको राजस्व परामर्श समितिको नामावली ....................................................... ११

२.४ नगरपालिकाको सम्पत्ति विवरण ....................................................... १४

२.५ आर्थिक अवस्था ....................................................... १४

**परिच्छेद तीनः नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता ........ १९**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था .............. १९

३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था .......................... २८

३.३ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना विश्लेषण . २९

**परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था.......... ४४**

४.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ....................................................... ४४

४.२ राजस्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान ....................................................... ४४

४.३ आय सङ्कलनको संस्थागत क्षमता ....................................................... ४५

४.४ आन्तरिक राजस्व संरचनाको अवस्था ....................................................... ४७

४.५ आन्तरिक राजस्व संरचनाको अवस्था ....................................................... ५०

४.६ राजस्व परिचालनमा रहेका सवालहरू ....................................................... ५१

**परिच्छेद - पाँचः राजस्व सुधार कार्ययोजना........................................... ५४**

५.१ राजस्व सुधारका क्षेत्रहरू ....................................................... ५४

५.२ राजस्व सुधार कार्ययोजना तर्जुमा ....................................................... ५५

५.३ बजेट अनुमान ....................................................... ५७

**परिच्छेद - छः आगामी तीन वर्षको आय प्रक्षेपण..................................५८**

६.१ राजस्व प्रक्षेपणका विधिहरू ..........................................................५८

६.२ राजस्व सङ्कलनमा पर्ने असरको प्रारम्भिक आकलन........................................५९

६.३ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण..................................६०

६.४ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ..............................................६३

**परिच्छेद - सातः अपेक्षित नतिजा..................................................६७**

७.१ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण शारांश ....................................६७

७.२ आय प्रक्षेपणको तुलनात्मक विश्लेषण ......................................................६७

७.३ नतिजा तालिका.......................................................................६८

**परिच्छेद - आठः कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन............................६९**

८.२ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन ..................................................६९

८.३ स्रोत व्यवस्थापन.......................................................................६९

८.४ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन.....................................................६९

**अनुसूचीहरू..........................................................................७२**

अनुसूची - १: सन्दर्भ सामग्रीहरू .........................................................७२

अनुसूची - २: तथ्याङ्क र सूचना सङ्कलनका लागि प्रयोग गरिएको सूची तथा फारम.............७३

अनुसूची - ३: निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० ...........................................................................७८

अनुसूची - ४: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस (२०८१)...........७९

अनुसूची - ५: सवारी साधन कर बाँडफाँट सिफारिस (२०८२/८३/२०८६/८७) ...........८०

अनुसूची – ६: अनुदान वितरण सम्बन्धी आधार र ढाँचा.......................................८०

अनुसूची - ६.१: समानीकरण अनुदान वितरणको हालको आधार ...............................८०

अनुसूची - ६.२: आ.व.२०८२/८३ - ०८६/८७ सम्मको वित्तीय समानीकरण अनुदान सिफारिस ...........................................................................................८१

अनुसूची - ६.३: आ.व.२०८२/८३ को लागि आयोगबाट भएका सशर्त अनुदान सिफारिस.....८२

अनुसूची - ७: सूचना तथा तथ्याङ्क सङ्कलनका क्रममा खिचिएका केही झलकहरू...........८३

अनुसूची - ८: मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रमका केही झलकहरू ..................८४

# तालिका सूची


**तालिका नं. १:** नगरपालिकाको भूउपयोग सम्बन्धी विवरण ........ ७
**तालिका नं. २:** नगरपालिकाको जनसङ्ख्या तथा घरधुरी सम्बन्धी विवरण........ ७
**तालिका नं. ३:** नदी तथा खोलाहरूको विवरण........ ८
**तालिका नं. ४:** पर्यटकीय क्षेत्रहरूको विवरण........ ९
**तालिका नं. ५:** तालतलैया पोखरी र सीमसार क्षेत्र सम्बन्धी विवरण ........ ९
**तालिका नं. ६:** नगरपालिकामा कार्यरत जनशक्ति सम्बन्धी विवरण........ ९
**तालिका नं. ७:** राजस्व परामर्श समितिको नामावली........ ११
**तालिका नं. ८:** नगरपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण........ १४
**तालिका नं. ९:** नगरपालिकामा रहेका बैक तथा वित्तीय संस्था सम्बन्धी विवरण........ १५
**तालिका नं. १०:** नगरपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण........ १५
**तालिका नं. ११:** बजार तथा हाट बजारको विवरण........ १७
**तालिका नं. १२:** व्यापार व्यवसायहरूको विवरण........ १८
**तालिका नं. १३:** प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट(प्रतिशतमा)........ २५
**तालिका नं. १४:** स्थानीय र प्रदेश तह बिचको राजस्व बाँडफाँट(प्रतिशतमा) ........ २६
**तालिका नं. १५:** मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको बाँडफाँट(प्रतिशतमा)........ २६
**तालिका नं. १६:** कर तथा ऋण सम्बन्धी थप व्यवस्था ........ २७
**तालिका नं. १७:** आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण ........ २८
**तालिका नं. १८:** सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३०
**तालिका नं. १९:** मालपोत सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३१
**तालिका नं. २०:** घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण........ ३२
**तालिका नं. २१:** व्यवसाय कर सम्बन्धी सम्भाव्यता विश्लेषण........ ३३
**तालिका नं. २२:** ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री सम्बन्धी विवरण ........ ३७
**तालिका नं. २३:** बहाल बिटौरी शुल्क सम्बन्धी विवरण ........ ३९
**तालिका नं. २४:** नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण........ ४०
**तालिका नं. २५:** व्यवसाय रजिस्ट्रेसन दस्तुरको सम्भाव्यता विश्लेषण ........ ४१
**तालिका नं. २६:** सरकारी सम्पत्तिको बहालबाट प्राप्त आयको सम्भाव्यता विश्लेषण ........ ४२
**तालिका नं. २७:** सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण........ ४३
**तालिका नं. २८:** विगतको तीन आ.व.को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था........ ४७
**तालिका नं. २९:** कुल राजस्वमा शीर्षकगत योगदान (रु.हजारमा) ........ ५०
**तालिका नं. ३०:** राजस्व सुधार कार्ययोजना........ ५५
**तालिका नं. ३१:** आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका आधारहरू (रु.हजारमा) ........ ६०
**तालिका नं. ३२:** आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु.हजारमा)........ ६३
**तालिका नं. ३३:** आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण शारांश (रु.हजारमा) ........ ६७
**तालिका नं. ३४:** नतिजा तालिका........ ६८

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानअनुसार नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजित गरिएको छ, जसअन्तर्गत स्थानीय तहलाई संविधान र कानुनले विशिष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरूको व्यवस्था गरिएको छ।यसअन्तर्गत स्थानीय तहलाई विभिन्न कर तथा गैर-करहरू लगाई असुल उपर गर्न सक्ने अधिकार सुनिश्चित गरिएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ देखि ६८ सम्म स्थानीय तहलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने अधिकार दिएको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त आफैँ कर तथा शुल्क सङ्कलन गर्न सक्ने व्यवस्था गरेको छ।नेपाल सरकारको पूर्व स्वीकृति र सहमति लिएर स्थानीय तहले वैदेशिक अनुदान वा सहयोग लिन सक्ने र त्यस्तो सहयोगमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सक्ने प्रावधान गरिएको छ।साथै, वित्त आयोगको सिफारिसमा सीमित मात्रामा आन्तरिक ऋण लिन सक्ने व्यवस्था पनि छ।संविधानको धारा ५९ को उपधारा (१) मा सङ्घ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो आर्थिक अधिकार प्रयोग गरी कानुन, योजना, नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने र वार्षिक बजेट बनाउने अधिकार दिइएको छ।सोही धाराको उपधारा (२) अनुसार साझा अधिकारअन्तर्गत सङ्घीय सरकारले निर्माण गर्ने नीति, मापदण्ड तथा कानुन स्थानीय तहमा पनि लागु हुने व्यवस्था गरिएको छ।धारा ५९ को उपधारा (७) मा सङ्घीय कानुनले बजेट तथा सार्वजनिक वित्तीय अनुशासनका सम्बन्धमा मार्गदर्शन गर्ने उल्लेख गरिएको छ।

संविधानको धारा ६० अन्तर्गत स्थानीय तहलाई आर्थिक स्रोत परिचालनको थप अधिकार दिइएको छ।धारा ६० को उपधारा (१) अनुसार स्थानीय तहले कर लगाउन र राजस्व सङ्कलन गर्न सक्ने व्यवस्था गरिएको छ।धारा ६० को उपधारा (२) मा सङ्घीय सरकारले सङ्कलन गरेको राजस्वको सङ्घ, प्रदेश र स्थानीय तहबिच न्यायोचित रूपमा बाँडफाँट गरिने व्यवस्था गरिएको छ।धारा ६० को उपधारा (३) अनुसार प्रदेश वा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस अनुसार हुने व्यवस्था गरिएको छ।त्यसै गरी, उपधारा (४) र (५) मा खर्चको आवश्यकता र राजस्व आर्जन गर्ने क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान तथा बाँडफाँट हुने, उपधारा (६) मा सङ्घीय सञ्चित कोषबाट सशर्त, समपूरक तथा विशेष अनुदानको व्यवस्था, उपधारा (७) मा राजस्व बाँडफाँट पारदर्शी हुने र उपधारा (८) मा बाँडफाँट सम्बन्धी सङ्घीय कानुनले राष्ट्रिय नीति र आवश्यकतालाई ध्यानमा राख्नुपर्ने व्यवस्था गरिएको छ।संविधानको धारा २४१ को उपधारा (१) मा महालेखापरीक्षकको कार्यालयलाई सङ्घ, प्रदेश र स्थानीय तहको खर्च विवरण त्यसै गरी गर्ने अधिकार दिइएको छ।साथै, संविधानको धारा २३२ मा सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने उल्लेख गरिएको छ।यसरी, संविधानले स्थानीय तहलाई आर्थिक, प्रशासनिक र कार्यगत रूपमा सक्षम बनाउँदै सङ्घीय प्रणालीभित्र सशक्त रूपमा स्थापित गरेको छ।

यी संवैधानिक र कानुनी प्रावधानअनुसार स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र व्यवस्थित एवं न्यायोचित ढङ्गले राजस्व प्रशासनलाई पूर्ण रूपमा परिचालन गरी राजस्व सङ्कलन गरी आय बजेट तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको छ।यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावित क्षेत्रहरूको खोजी गरी परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानुनी र व्यवस्थापकीय सुधारका उपायहरूको पहिचान गरी कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ।

यसै सन्दर्भमा उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिकाले क्राफ्ट रिसर्च सेन्टर प्रा.लि. काठमाडौँको प्राविधिक सहयोगमा नगरपालिका नगरप्रमुख, उपप्रमुखसहित निर्वाचित पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा तथा आर्थिक प्रशासन शाखाका कर्मचारीहरूलाई राजस्व परिचालनका क्षेत्रहरूमा आधारभूत अभिमुखीकरण गरी सहभागितात्मक विधिबाट राजस्वका नयाँ क्षेत्रहरूको पहिचान तथा उपयोग गरिरहेका राजस्वका क्षेत्रहरूको दायरा अभिवृद्धि गरी आगामी तीन वर्षका लागि आय प्रक्षेपणसहितको यो राजस्व सुधार कार्ययोजना, २०८२ तयार पारिएको हो।

## १.२ अध्ययनको औचित्य

संविधान र सङ्घीय सरकारका विभिन्न कानुनहरूमा स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्था गरिएका छन्।यस योजनाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ६६ को उपदफा (६) मा राखिएको कानुनी प्रावधानअनुसार नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई आगामी ३ वर्षको आयको प्रक्षेपण गर्नुपर्ने कानुनी व्यवस्थालाई सहयोग पुऱ्याउँदछ।यस कार्ययोजनाले नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय तहहरूलाई उपलब्ध गराउने विभिन्न प्रकारका अनुदान सम्बन्धी मापदण्ड र आधारहरू तयार गर्न तथा राजस्वका क्षेत्र र दायरा विस्तार गरी आन्तरिक आय वृद्धि गर्ने दिशामा राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ।यस योजनाले नगरपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तर्जुमा गर्दा तीन वर्षमा खर्च गरिने क्षेत्र, कार्यक्रम, आयोजना र क्रियाकलापहरूमा प्रति एकाइ लागतसहितको खर्चको प्रक्षेपण गर्न, खर्च गरिने क्षेत्रहरूको प्राथमिकीकरण गर्न तथा ३ वर्षका लागि आन्तरिक आय प्रक्षेपण गर्न सहयोग पुऱ्याउने छ।अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १८ बमोजिम स्थानीय तहलाई आन्तरिक आयको अनुमान गरी अर्थ मन्त्रालयमा पेस गर्न सहयोग पुऱ्याउँदछ।यो दस्ताबेज स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Self-Assessment-LISA) मा नम्बर प्राप्त गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राप्त गर्ने अनुदान रकम बढाउन सहयोग पुऱ्याउँदछ।

## १.३ अध्ययनको उद्देश्य

**सोंच**

आन्तरिक राजस्व वृद्धिको सम्भाव्यता मूल्याङ्कनसहित राजस्व सुधार कार्ययोजना तयार पार्ने।

**लक्ष्य**

नगरपालिकाको सम्भावित राजस्व स्रोतहरू पहिचान गरी तिनीहरूको प्रभावकारी परिचालनका लागि आवश्यक क्रियाकलापहरू निर्धारण हुने।

**उद्देश्यहरू**

राजस्व सुधार कार्ययोजनाको मूलभूत उद्देश्य यस नगरपालिकाको आन्तरिक आयका सम्भावनाहरूको पहिचान गरी ती सम्भावनाहरूको परिचालनमा देखिएका समस्याहरूको न्यूनीकरण गर्न कार्ययोजना तयार पारी सो कार्ययोजनाका आधारमा आगामी ३ आ.व.को आय प्रक्षेपण गर्न योगदान पुऱ्याउनु हो।यस कार्ययोजनाको विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन् | यस कार्ययोजनाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्:

१) स्थानीय तहको आर्थिक अधिकार र राजस्व सुधार कार्ययोजना सम्बन्धमा नगर कार्यपालिका पदाधिकारी, शाखा प्रमुख, राजस्व प्रशासनमा संलग्न कर्मचारी, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि तथा राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण कार्यक्रममार्फत जानकारी गराउने।

२) नगरपालिकाको विगत तीन आर्थिक वर्षको आन्तरिक आयको शीर्षकगत सङ्कलन स्थिति र प्रवृत्तिको विश्लेषण गर्दै, राजस्व प्रशासनमा सुधार ल्याउन आवश्यक नीतिगत, संस्थागत व्यवस्था, विलिङ्ग प्रणाली र आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा गर्ने।

३) पहिचान गरिएका कुल राजस्व सम्भावना र सुधार कार्ययोजनाको आधारमा आगामी तीन आर्थिक वर्षका लागि यथार्थपरक राजस्व प्रक्षेपण तयार गर्ने।

४) नगरपालिकाको विद्यमान आर्थिक ऐनको पुनरावलोकन गरी राजस्व परामर्श समितिलाई राजस्व परिचालनसँग सम्बन्धित नीतिगत सुझाव, कर तथा शुल्कको दर निर्धारणमा सघाउने।

## १.४ अध्ययनको विधि तथा प्रक्रिया

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन गरी आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित फाराम तथा चेकलिष्ट तयार पारियो।सङ्कलित सूचना तथा तथ्याङ्कको विश्लेषण, अभिमुखीकरण कार्यक्रम, कार्यशाला गोष्ठी सञ्चालन तथा मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण जस्ता गतिविधिहरू राजस्व सुधार कार्ययोजना दिग्दर्शन, २०७६ मा निर्दिष्ट विधि तथा प्रक्रियाहरूको पालना गर्दै तपसिलमा उल्लेखित चरणहरू अनुसार सम्पन्न गरियो।

### १.४.१ तयारी तथा समन्वय

प्रथम चरणमा यस नगरपालिकासँग समन्वय गरी राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि छलफल गरिएको थियो।छलफलको क्रममा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने मिति तथा समय निर्धारण गर्दै, राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी प्रक्रियाबारे विस्तृत रूपमा छलफल सम्पन्न गरियो।

### १.४.२ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

यस कार्ययोजना तर्जुमाका लागि नगरपालिकाको वेबसाइटमा प्रकाशित दस्ताबेजहरू सहित विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू सङ्कलन गरी पुनरावलोकन गरिएको थियो।यस क्रममा अध्ययन र पुनरावलोकन गरिएका मुख्य सामग्रीहरू अनुसूची १ मा प्रस्तुत गरिएको छ।

### १.४.३ तथ्याङ्क/सूचना सङ्कलन चेकलिष्ट निर्माण

सन्दर्भ सामग्रीको अध्ययन र विश्लेषणपछि कार्ययोजना तर्जुमाका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचना सङ्कलन गर्नका लागि चेकलिष्ट तयार गरिएको थियो।यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमामा तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिएको चेकलिष्ट अनुसूची २ मा प्रस्तुत गरिएको छ।

### १.४.४ तथ्याङ्क/सूचना सङ्कलन

यस नगरपालिकाको राजस्व शाखा तथा अन्य शाखाहरूबाट अध्ययन टोलीका सदस्यहरूद्वारा विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू सङ्कलन गरिएको थियो।सङ्कलन गरिएको सूचना तथा तथ्याङ्कबाट राजस्व परिचालनको विद्यमान अवस्था, उपलब्ध सूचनाको आधारमा राजस्वको शीर्षकगत सम्भाव्यता विश्लेषण, राजस्व परिचालनमा देखिएका समस्या र ती समस्याको समाधानका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरी राजस्व प्रक्षेपणको प्रारम्भिक दस्ताबेज तयार गरियो।यस प्रक्रियामा तपसिल बमोजिमका स्रोतबाट तथ्याङ्क एवं सूचनाहरू सङ्कलन गरिएको थियोः

१) चौदण्डीगढी नगरपालिकाको वस्तुस्थिति विवरण

२) वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम पुस्तिका

३) विगत तीन आ.व.को यथार्थ आय विवरण र आ.व.2082/83 को अनुमानित आय विवरण

४) चौदण्डीगढी नगरपालिकाको आर्थिक ऐन २०८२/८३

५) चौदण्डीगढी नगरपालिकाको लेखापरीक्षण प्रतिवेदन(मलेप प्रतिवेदन २०८०/८१)

६) स्थानीय तहको राजस्व सम्बन्धी कार्यविधि तथा कानुनहरू

७) नदीजन्य पदार्थ बिक्रीका लागि बनाइएको प्रारम्भिक वातावरणीय प्रतिवेदन

८) व्यवस्थापन करारमार्फत राजस्व सङ्कलनका लागि गरिएका सम्झौताहरू

९) आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना।

### १.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

माथि उल्लेखित अभिमुखीकरण कार्यशालाबाट सङ्कलित सूचना तथा तथ्याङ्कको विश्लेषण गरी, सरोकारवालासँग थप छलफल गरी राजस्व सुधार कार्ययोजना मस्यौदा प्रतिवेदन तयार पारियो।

### १.४.६ अभिमुखीकरण तथा मस्यौदा प्रतिवेदन प्रस्तुती कार्यक्रम

राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ मा दिइएको विषयवस्तुको आधारमा यस नगरपालिकाको प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरू, शाखा प्रमुखहरू, राजस्व सङ्कलनमा संलग्न कर्मचारीहरू, राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यदलका सदस्यहरू तथा करदाताका प्रतिनिधिहरूलाई २०८२ पौष 7 गते १ दिनको अभिमुखीकरण तथा मस्यौदा प्रतिवेदन कार्यशाला सञ्चालन गरियो।यस कार्यक्रममा तथ्याङ्कको विश्लेषणसहितको आन्तरिक आयको प्रक्षेपण गरिएको थियो।

### १.४.७ राजस्व सुधार कार्ययोजना अन्तिम दस्ताबेज तयारी

नगरपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत तथा राजस्व सम्बन्धित कर्मचारीहरूको उपस्थितिमा मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण गरी प्राप्त सुझावहरू समावेश गरी प्रतिवेदनलाई अन्तिम रूप दिइएको थियो।

## १.५ अध्ययनको सीमा

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छः

- नगरपालिकाको प्रमुख आयस्रोतको रूपमा रहेको सम्पत्ति कर अनुमानका लागि सम्पत्ति करदाताको यकीन तथ्याङ्क प्राप्त नभएकोले राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनमा उल्लेख गरिएको जगको आधारमा गरिएको घर सङ्ख्याको वर्गीकरणको सम्पत्ति करदाता अनुमान गरिएको छ।
- घर बहाल कर सम्बन्धी यकिन तथ्याङ्क प्राप्त नहुँदा राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनमा उल्लेख गरिएको भाडामा बस्ने घरपरिवार, सहकारी संस्थाको विवरण, बैंक तथा वित्तीय संस्थाको विवरण, व्यापार व्यवसायीहरूको विवरणका आधारमा घरजग्गा भाडामा लगाउने घरधनीको सङ्ख्या अनुमान गरी विश्लेषण गरिएको छ।
- नगरपालिकाको आधारभूत तथ्याङ्क सहितको वस्तुस्थिति विवरण नहुँदा यथार्थपरक ढङ्गबाट करका दायरा निर्धारण गर्न कठनाई हुँदा राजस्व शीर्षकमा नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त अभिलेख

तथा दस्ताबेज, नगरपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवाला पक्षहरूसँग गरिएको छलफल र कार्यशालाबाट प्राप्त सूचनाको आधारमा विश्लेषण गरिएको छ।

- राजस्व प्रक्षेपण गर्ने क्रममा कतिपय स्रोतहरूका करदाताको सङ्ख्या सम्बन्धी आधिकारिक तथ्याङ्कको आधार प्राप्त हुन नसकेकोले सहभागीहरूले दिएको सूचनालाई आधार मानिएको छ।
- नगरपालिकाको वस्तुस्थिति विवरणमा राजस्वसँग सम्बन्धित तथ्याङ्कको अभावमा सरोकारवालाहरूले अनुमानमा दिइएको तथ्याङ्कलाई नै आधार मानिएको छ।

## १.६ कार्ययोजनाको ढाँचा

यस अध्ययनलाई ८ वटा परिच्छेदमा विभाजन गरिएको छ।परिच्छेद १ मा अध्ययनको पृष्ठभूमि, औचित्य, उद्देश्य, अध्ययन विधि तथा प्रक्रिया, सीमा र प्रतिवेदनको ढाँचासमेत समेटिएको छ।परिच्छेद २ मा राजस्व परिचालन सम्बन्धी नगरपालिकाको विद्यमान अवस्थाको विश्लेषण र परिच्छेद ३ मा नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भावनाको विश्लेषण गरिएको छ।परिच्छेद ४ मा आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था र परिच्छेद ५ मा राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ।यसै गरी परिच्छेद ६ मा आगामी तीन वर्षको आय प्रक्षेपण र परिच्छेद ७ मा अपेक्षित नतिजा र परिच्छेद ८ मा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको बारेमा चर्चा गरिएको छ।

# परिच्छेद दुईः राजस्व परिचालन सम्बन्धी नगरपालिकाको विद्यमान अवस्था

यस परिच्छेदमा नगरपालिकाको राजस्व परिचालनसँग सम्बन्धित आन्तरिक र बाह्य पक्षहरूको विश्लेषण गरिएको छ।विशेष गरी नगरपालिकाको परिचय, आन्तरिक आय परिचालनको वर्तमान अवस्थाको संक्षेपमा व्याख्या गरिएको छ।यसले नगरपालिकाको आय सङ्कलनमा सुधार ल्याउन आवश्यक संस्थागत क्षमता अभिवृद्धिका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुऱ्याउनेछ।

## २.१ नगरपालिकाको परिचय

चौदण्डीगढी नगरपालिका उदयपुर जिल्लामा अवस्थित एक ऐतिहासिक, भौगोलिक र प्रशासनिक दृष्टिले महत्वपूर्ण नगरपालिका हो।यसको स्थापना मकवानपुर राज्यबाट टुक्रिएको ऐतिहासिक घटनासँग जोडिएको छ।वि.सं.१५ औँ शताब्दीमा राजा रुद्रसेनका छोरा मुकुन्द सेनले सबल राज्य स्थापना गरेका थिए । उनका छोराहरू बिचको कलहका कारण राज्य ६ भागमा विभाजित भयो, जसमा पूर्वतिरको मकवानपुरको टुक्रा चौदण्डीगढीको रूपमा अलग अस्तित्वमा आयो।वि.सं. १७८० तिर मकवानपुरका राजा माणिक सेनका सन्तान जगन्सेनले यहाँ दरबार बनाएर राज्य सञ्चालन गरेका थिए।

### २.१.१ राजनीतिक तथा प्रशासनिक अवस्थिति

उदयपुर जिल्लाको ८ वटा स्थानीय तह मध्येको यस नगरपालिका साबिकका चौदण्डी, सिद्दिपुर, हडिया, सुन्दरपुर, वेल्टार, वसाह गा.वि.स.मिलाएर वि.सं.२०७३ सालमा बनाइएको हो।यस नगरपालिकामा जम्मा १० वटा वडाहरू रहेका छन्।यसको केन्द्र बेल्टारमा रहेको छ।यो नगरपालिकाका सबै वडाहरू प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं १ र प्रदेश सभा निर्वाचन १(१) मा पर्दछ।

### २.१.२ भौगोलिक अवस्थिति

कोशी प्रदेशको उदयपुर जिल्लामा अवस्थित यस नगरपालिकाको अक्षांश २६° ४१' २६" उत्तरदेखि २६° ५४' २७" उत्तरसम्म र देशान्तर ८६° ४६' ०७" पूर्वदेखि ८६° ५९' ३२" पूर्वसम्म फैलिएको छ।कुल क्षेत्रफल २८३.७८ वर्ग कि.मी र समुद्री तहबाट यसको उचाइ १३६.२ मी. रहेको छ।यसको सीमाना पूर्वमा बेलका नगरपालिका, उत्तरमा खोटाङ र भोजपुर जिल्ला, पश्चिममा त्रियुगा नगरपालिका र दक्षिणमा सप्तरी जिल्ला रहेका छन्।

### २.१.३ ऐतिहासिक चिनारी र नामाकरण

वि.सं.१५औँ शताब्दीमा रुद्रसेनका छोरा मुकुन्द सेनले शक्तिशाली राज्य स्थापना गरेका थिए।उनका छोराहरू बिचको कलहले राज्य ६ भागमा विभाजन भएको थियो।त्यस मध्ये पाल्पा पनि पर्दथ्यो।समय बित्दै जाँदा पूर्वतिरको भूभाग मकवानपुर छुटेर टुक्रियो र चौदण्डीगढीसम्म फैलियो । वि.सं. १७८० तिर मकवानपुरका राजा माणिक सेनका छोरा जगन्सेनले चौदण्डीगढीमा दरबार बनाएर आफ्नै राज्य स्थापना गरी शासन गर्न थाले।यही ऐतिहासिक ठाउँको नामबाट यस नगरपालिकाको नाम चौदण्डीगढी राखिएको हो।

### २.१.४ क्षेत्रफल, भूबनौट तथा भूउपयोग

यस नगरपालिकाको भूउपयोगलाई विश्लेषण गर्दा सबैभन्दा ठूलो हिस्सा १६३.८८ वर्ग कि.मी.(५७.७५%) वनजङ्गलले ओगटेको छ।कृषि क्षेत्रले ८४.२९ वर्ग कि.मी. (२९.७०%) क्षेत्र ओगटेको छ।त्यसै गरी जल क्षेत्रले २३.८९ वर्ग कि.मी. (८.४२%) हिस्सा ओगटेको छ।बस्ती क्षेत्रको क्षेत्रफल ६.९८ वर्ग कि.मी. (२.४६%) मात्र रहेको छ।त्यस्तै, सार्वजनिक उपयोगको क्षेत्र ३.७९ वर्ग कि.मी.(१.३४%) रहेको छ।अर्कोतर्फ, व्यवसायिक क्षेत्र (०.१३%),औद्योगिक

क्षेत्र (०.०७%), धार्मिक क्षेत्र (०.०५%) र अन्य क्षेत्र (०.०९%) ले अत्यन्तै सानो हिस्सा मात्र ओगटेका छन्।यस नगरपालिकाको भुउपयोग सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १:** नगरपालिकाको भूउपयोग सम्बन्धी विवरण

| क्र. सं. | भू–उपयोगका क्षेत्र | क्षेत्रफल (वर्ग कि.मी.) | क्षेत्रफल प्रतिशतमा |
|---|---|---|---|
| १ | कृषि | ८४.२९ | २९.७० |
| २ | व्यवसायिक क्षेत्र | ०.३७ | ०.१३ |
| ३ | धार्मिक क्षेत्र | ०.१३ | ०.०५ |
| ४ | जङ्गल | १६३.८८ | ५७.७५ |
| ५ | जल क्षेत्र | २३.८९ | ८.४२ |
| ६ | औद्योगिक क्षेत्र | ०.१९ | ०.०७ |
| ७ | अन्य | ०.२६ | ०.०९ |
| ८ | सार्बजनिक उपयोगको क्षेत्र | ३.७९ | १.३४ |
| ९ | बस्ती क्षेत्र | ६.९८ | २.४६ |
|  | **जम्मा** | **२८३.७८** | **१००** |

*स्रोतः भूसूचना प्रणालीबाट विश्लेषित*

## २.१.५ जनसङ्ख्या तथा घरपरिवार सङ्ख्या

यस नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल १२,७०३ घरधुरी ५३,६३१ जनसङ्ख्या रहेका छ।परिवारको औसत आकार ४.२२ र लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) ८८.३५ मात्र छ।सबैभन्दा बढी जनसङ्ख्या भएको वडा नं. ९ हो भने सबैभन्दा थोरै जनसङ्ख्या वडा नं.१ मा छ।जनगणना २०६८ मा यस नगरपालिकाको जनसङ्ख्या ४८५७४ थियो।वि.सं.२०६८ को जनसङ्ख्यासँग तुलना गर्दा यस नगरपालिकाको जनसङ्ख्या ०.९४ प्रतिशतले बढ्दै आएको छ।

**तालिका नं. २:** नगरपालिकाको जनसङ्ख्या तथा घरधुरी सम्बन्धी विवरण

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या |  |  | औसत परिवार सङ्ख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | जम्मा |  |  |
| १ | ७७३ | १६९१ | १७५१ | ३४४२ | ४.४५ | ९६.५७ |
| २ | ११४४ | २३७८ | २७६० | ५१३८ | ४.४९ | ८६.१६ |
| ३ | १००० | १८५३ | २१६३ | ४०१६ | ४.०२ | ८५.६७ |
| ४ | १६६८ | ३२३० | ३७०६ | ६९३६ | ४.१६ | ८७.१६ |
| ५ | १५२३ | २९९९ | ३३६० | ६३५९ | ४.१८ | ८९.२६ |
| ६ | १३५२ | २६१० | २९४० | ५५५० | ४.११ | ८८.७८ |
| ७ | १४२७ | २८८१ | ३२३६ | ६११७ | ४.२९ | ८९.०३ |
| ८ | ८६१ | १७७१ | १९५८ | ३७२९ | ४.३३ | ९०.४५ |
| ९ | १८०६ | ३५३९ | ४००७ | ७५४६ | ४.१८ | ८८.३२ |
| १० | ११४९ | २२०५ | २५९३ | ४७९८ | ४.१८ | ८५.०४ |
| जम्मा | १२७०३ | २५१५७ | २८४७४ | ५३६३१ | ४.२२ | ८८.३५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

### २.१.५ नदीनाला सम्बन्धी विवरण

नगरपालिकाभित्रका १९ वटा नदी÷खोलाहरूबाट मुख्यतया ढुङ्गा, गिट्टी र बालुवा जस्ता निर्माण सामग्री प्राप्त भइरहेका छन्।अधिकांश खोलाहरू जस्तै छाँगे, चप्लेटी/माडीबास, लामा, काली, अप्राहा, द्वार, देवधार, खैरा, बडेरुवा, करम्जे, सुख्खा सुन्दरी, लाटी आदि ढुङ्गा तथा गिट्टीका प्रमुख स्रोत हुन्।बालुवाका प्रमुख स्रोत भने त्रियुगा, सिवाइ, ज्यामिरे, छिडी तथा हडिया/मुसर्निया खोलामा केन्द्रित छन्।वडागत रूपमा हेर्दा वडा ९ र १० मा सबैभन्दा धेरै र विविध प्रकृतिका स्रोतहरू रहेका छन्।यस सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. ३:** नदी तथा खोलाहरूको विवरण

| क्र.सं. | नदी/खोला | वडा नं | उपयोग |
|---|---|---|---|
| १. | छाँगे खोला | १ | ढुङ्गा |
| २. | चप्लेटी/माडीबास खोला | १ र २ | ढुङ्गा/गिट्टी |
| ३. | लामा खोला | २ र ४ | ढुङ्गा/गिट्टी |
| ४. | काली खोला | ३ र ४ | ढुङ्गा/गिट्टी |
| ५. | अप्राहा खोला | ८ | ढुङ्गा/गिट्टी |
| ६. | द्वार खोला | ५,६,७ ,८ | ढुङ्गा/गिट्टी |
| ७. | त्रियुगा खोला | ५, ९, १० | बालुवा |
| ८. | सिवाइ खोला | ५ र ९ | बालुवा |
| ९. | ज्यामिरे खोला | ९ | बालुवा |
| १०. | छिडी खोला | ९ | बालुवा |
| ११. | भरौली खोला | ९ | ढुङ्गा/गिट्टी |
| १२. | देव धार खोला | १० | ढुङ्गा/गिट्टी |
| १३. | खैरा खोला | १० | ढुङ्गा/गिट्टी |
| १४. | बडेरुवा खोला | १० | ढुङ्गा/गिट्टी |
| १५. | करम्जे खोला | ५ | ढुङ्गा/गिट्टी |
| १६. | सुख्खा सुन्दरी खोला | ३ र ४ | ढुङ्गा/गिट्टी |
| १७. | लाटी खोला | ३ र ४ | ढुङ्गा/गिट्टी |
| १८. | द्वार खोला | २ र ७ | ढुङ्गा/गिट्टी |
| १९. | हडिया/मुसर्निया खोला | १० | बालुवा/गिट्टी |

*स्रोतः* चौदण्डीगढी *नगरपालिकाको* वस्तुस्थिति विवरण *२०७५*

### २.१.६ पर्यटकीय क्षेत्र सम्बन्धी विवरण

नगरपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरू विभिन्न वडाहरूमा रहेका छन्।ती मध्ये वडा २ र ६ मा रहेको कोवा खोज, वडा ७ मा रहेको कन्या औल्छी गुम्बा, वडा ६ मा रहेको पुष्पलाल चौक पार्क, वडा ७ मा रहेको द्वारदानी देवी स्थान, वडा नं ५ मा रहेको शिवालय मन्दिर, वडा ९ मा रहेको थानपोखरी थान, वडा नं ४ मा रहेको बसाहा थान शिवालय मन्दिर, वडा ६ मा रहेको लिंगेश्वर शिवालय र वडा ८ मा रहेको मिनी अप्राहा झर्ना स्थानीय पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण छन् ।

**तालिका नं. ४:** पर्यटकीय क्षेत्रहरूको विवरण

| क्र.सं. | पर्यटकीय स्थल | वडा नं. |
|---|---|---|
| १ | कोवा खोज | २ र ६ |
| २ | कन्या औल्छी गुम्बा | ७ |
| ३ | पुष्पलाल चौक पार्क | ६ |
| ४ | द्वारदानी देवी स्थान | ७ |
| ५ | शिवालय मन्दिर | ५ |
| ६ | थानपोखरी थान | ९ |
| ७ | बसाहा थान शिवालय मन्दिर | ४ |
| ८ | लिंगेश्वर शिवालय | ६ |
| ९ | मिनी अप्राहा झर्ना | ८ |

*स्रोतः चौदण्डीगढी नगरपालिकाको* व स्तुस्थिति विवरण २०७५

### २.१.७ ताल, पोखरी सम्बन्धी विवरण

नगरपालिका भित्रका विभिन्न वडामा रहेका महत्वपूर्ण पोखरीहरूमा कुल्लीघर, कालीपोखरी, डुङ्गाखोला, कझाहा तथा बदेल पोखरी पर्छन्।यी पोखरीहरू स्थानीय जलस्रोतको संरक्षण तथा पर्यटक आकर्षणका दृष्टिले अत्यन्त महत्त्वपूर्ण छन्।

**तालिका नं. ५:** तालतलैया पोखरी र सीमसार क्षेत्र सम्बन्धी विवरण

| क्र.सं. | पोखरीको नाम | वडा नं |
|---|---|---|
| १. | कुल्लीघर | ५ |
| २. | कालीपोखरी | ५ |
| ३. | डुङ्गाखोला | ५ |
| ४ | कझाहा | ५ |
| ५ | बदेल पानी | ३ |

*स्रोतः चौदण्डीगढी नगरपालिकाको* वस्तुस्थिति विवरण २०७५

## २.२ नगरपालिकाको मानव संसाधनको अवस्था

यस नगरपालिकामा स्वीकृत दरबन्दी बमोजिमका सम्पूर्ण जनशक्ति पदपूर्ति भएको अवस्था छैन । नगरपालिकाले स्थायी तथा करार सेवाका कर्मचारीबाट सेवा प्रवाह गर्दै आएको छ । नगरपालिका तथा मातहतका कार्यालयमा कार्यरत जनशक्ति सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ६:** नगरपालिकामा कार्यरत जनशक्ति सम्बन्धी विवरण

| क्र.स. | पद | तह | नगरपालिकाबाट स्वीकृत दरबन्दी | रिक्त | स्थायी | करार |
|---|---|---|---|---|---|---|
| **क)** | **नगरपालिका तर्फको जनशक्ति विवरण** | | | | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | ९/१० औं | १ | ० | १ | ० |
| २ | अधिकृत | ९/१० औं | २ | १ | १ | ० |
| ३ | अधिकृत | 7/8 औं | ३ | | ३ | |
| ४ | अधिकृत | ६/7/8 औं | ३ | १ | १ | १ |
| ५ | अधिकृत | ६औं | ८ | ४ | २ | २ |

| क्र.स. | पद | तह | नगरपालिकाबाट स्वीकृत दरबन्दी | रिक्त | स्थायी | करार |
|---|---|---|---|---|---|---|
| ६ | सहायक | 5/6 औं | ४ | ० | ४ | ० |
| ७ | सहायक | ५ औं | १७ | ६ | ८ | ३ |
| | सहायक | ४/५ औं | २ | २ | ० | ० |
| ८ | सहायक | ४ औं | २० | ७ | ४ | ९ |
| ९ | सवारी चालक | श्रेणीविहिन | ८ | ० | ० | ८ |
| १० | कार्यालय सहयोगी | | ११ | ० | १ | १० |
| ११ | फोहरमैला सहयोगी | | ८ | ३ | ० | ५ |
| १२ | फायर मेन | | २ | १ | ० | १ |
| १३ | पानी पाले | | ३ | ३ | | |
| **नगरपालिका तर्फको जम्मा** | | | **९२** | **२८** | **२५** | **३९** |
| **ख)** | **वडा कार्यालय तर्फ** | | | | | |
| १ | सहायक | ४/५ औं | २० | ८ | ७ | ५ |
| 2 | सहायक | ४ औं | २० | ७ | ४ | ९ |
| 3 | सहायक | तेस्रो | २ | ० | २ | ० |
| 4 | कार्यालय सहयोगी | | १० | | | १० |
| **वडा कार्यालय तर्फको जम्मा** | | | **५२** | **१५** | **१३** | **२४** |
| **ग)** | **कृषि तर्फको दरबन्दी** | | | | | |
| १ | कृषि विकास अधिकृत | ६/7/8 औं | १ | ० | १ | ० |
| 2 | प्राविधिक सहायक | 5/6 औं | २ | १ | १ | |
| 3 | नायव प्राविधिक सहायक | ४/५ औं | ५ | १ | १ | ३ |
| **वडा कार्यालय तर्फको जम्मा** | | | **८** | **२** | **३** | **३** |
| **घ)** | **पशु तर्फको दरबन्दी** | | | | | |
| १ | पशु चिकित्सक | ६/7/8 औं | १ | ० | १ | |
| २ | पशु स्वास्थ्य प्राविधिक | 5/6 औं | २ | १ | १ | |
| ३ | पशु सेवा प्राविधिक | 5/6 औं | २ | १ | १ | |
| ४ | नायव पशु स्वास्थ्य प्राविधिक | ४/५ औं | ३ | २ | १ | |
| ५ | नायव पशु सेवा प्राविधिक | | २ | | २ | |
| ६ | कार्यालय सहयोगी | | १ | ० | ० | १ |
| **पशु तर्फको जम्मा** | | | ११ | ४ | ६ | १ |
| **ङ)** | स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य केन्द्र तर्फको दरबन्दी | | | | | |
| १ | हे.अ./सि.अ.हे.व. | ६औं | ६ | ० | ६ | ० |
| २ | हे.अ./सि.अ.हे.व. | ५ औं | ११ | ० | १० | १ |
| ३ | अ.न.मी. | ४/५ औं | १७ | ० | १२ | ५ |
| ४ | कार्यालय सहयोगी | | ११ | ० | ० | ११ |
| ५ | अ.हे.व. | 4/5/6 औं | ५ | २ | ० | ३ |
| ६ | ल्या.अ. | ४/५ औं | ५ | ० | ० | ५ |
| ७ | अ.न.मी. | ४ औं | ५ | ३ | ० | २ |

| क्र.स. | पद | तह | नगरपालिकाबाट स्वीकृत दरबन्दी | रिक्त | स्थायी | करार |
|---|---|---|---|---|---|---|
| **स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य केन्द्र तर्फको दरबन्दी जम्मा** | | | ६० | ५ | २८ | २७ |
| च) | आधारभुत नगर अस्पताल | | | | | |
| १ | मेडिकल जनरलिष्ट मे.सु. | ९/१० औं | १ | १ | ० | |
| २ | मेडिकल अधिकृत | ८औं | २ | ० | १ | १ |
| ३ | ना.सु. | ५ औं | १ | ० | ० | १ |
| ४ | स्टाफ नर्स | ५/६/७ औं | ६ | ० | ३ | ३ |
| ५ | हेल्थ असिस्टेन्ट | ५/६/७ औं | ४ | ० | ४ | ० |
| ६ | रेडियोग्राफर | ५/६/७ औं | १ | ० | ० | १ |
| ७ | ल्याव टेक्निसियन | ५/६/७ औं | १ | ० | १ | ० |
| ८ | एनेस्थेसिया सहायक | ५/६/७ औं | १ | १ | ० | ० |
| ९ | स.ले.पा. | ४ औं | १ | १ | ० | ० |
| १० | फार्मेसी सहायक | ५/६/७ औं | १ | १ | ० | ० |
| ११ | डेन्टल हाइजेनिष्ट | 4/5/6 औं | १ | १ | ० | ० |
| १२ | अप्थाल्मिक सहायक | ५/६/७ औं | १ | १ | ० | ० |
| १३ | हलुका सवारी चालक | | १ | ० | ० | १ |
| १४ | कार्यालय सहयोगी | | ६ | ३ | ० | ३ |
| १५ | सरसफाइकर्मी | | ३ | ३ | ० | ० |
| **आधारभुत नगर अस्पतालतर्फको जम्मा** | | | ३१ | १२ | ९ | १० |
| छ) | नगर प्रहरी तर्फ | | | | | |
| १ | नगर प्रहरी सहायक निरीक्षक | | १ | ० | ० | १ |
| २ | नगर प्रहरी हवल्दार | | २ | २ | ० | ० |
| ३ | नगर प्रहरी जवान | | १७ | १ | ० | १६ |
| **नगर प्रहरी तर्फको जम्मा** | | | २० | ३ | ० | १७ |
| **कुल जम्मा** | | | २७४ | ६९ | ८४ | १२१ |

*स्रोतः नगरपालिकाको कार्यालय २०८२*

## २.३ नगरपालिकाको राजस्व परामर्श समितिको नामावली

यस नगरपालिकामा राजस्व परिचालन सुधार तथा अनुगमन गर्न नगर उपप्रमुखको संयोजकत्वमा, उद्योग-वाणिज्यसँग सम्बन्धित संस्थाका प्रतिनिधिहरू समेत समावेश गरिएका ६ जनाबाट बनेको राजस्व परामर्श समिति गठन भई सक्रिय रूपले कार्य गरिरहेको छ।सोही समितिलाई राजस्व सुधार कार्ययोजना तयारी गर्ने कार्यदलको रूपमा जिम्मेवारी पनि प्रदान गरिएको छ।

**तालिका नं. ७:** राजस्व परामर्श समितिको नामावली

| क्र.सं. | नाम | समिति/जिम्मेवारी |
|---|---|---|
| १ | श्री मणिका देवी दुलाल - नगर उपप्रमुख | संयोजक |
| २ | श्री काजीमान राई - प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

| क्र.सं. | नाम | समिति/जिम्मेवारी |
|---|---|---|
| ३ | श्री हरि बहादुर खड्का - वडा नं २ अध्यक्ष | सदस्य |
| ४ | श्री शुष्मा राई - कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री गोविन्द थापा - उद्योग वाणिज्य सङ्घ अध्यक्ष (बेल्टार - बसाहा) | सदस्य |
| ६ | श्री प्रकास वन - राजस्व शाखा प्रमुख | सदस्य सचिव |

*स्रोतः* चौदण्डीगढी *नगरपालिकाको कार्यालय २०८२*

## २.३.१ सङ्गठन संरचना (महाशाखा, शाखा, उपशाखा र इकाइ)

यस नगरपालिकामा राजस्व शाखाको स्थापना गरिएको छ।राजस्व शाखालाई अन्य शाखा सरह राखिएको छ।सङ्गठन संरचना अनुसार राजस्व शाखामा कुल ३ जना कर्मचारीको दरबन्दी स्वीकृत गरिएको छ।तीमध्ये सहायक पाँचौँ (प्राविधिक/सामान्य प्रशासन) तहका १ जना, सहायक चौथो (प्राविधिक/सामान्य प्रशासन) तहका १ जना तथा सहायक राजस्व (स.क.अ. चौथो) तहका १ जना कर्मचारी समावेश छन्।यसले राजस्व शाखामा आवश्यक प्रशासनिक तथा सहायक जनशक्तिको संरचना रहेको तर मानव संसाधन सङ्ख्या न्यून भएकाले कार्यभार व्यवस्थापनमा चुनौती हुन सक्ने संकेत गर्दछ।




## २.३.२ राजस्व प्रशासन तथा परिचालनको व्यवस्था

### क) राजस्व परिचालन सम्बन्धी स्थानीय नीति तथा कानुन

यस नगरपालिकाले राजस्व परिचालनसँग सम्बन्धित ६ वटा ऐन र १७ वटा कार्यविधि निर्माण गरेको छ । यसरी कुल २३ वटा ऐन, तथा कार्यविधि तयार पारिएका छन्।

## क) ऐनहरू

१) चौदण्डीगढी नगरपालिकाको आर्थिक ऐन, २०८२

२) चौदण्डीगढी नगरपालिकाको विनियोजन ऐन, २०८२

३) चौदण्डीगढी नगरपालिकाको कर र गैरकर राजस्व उठाउने ऐन, २०८१

४) चौदण्डीगढी नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७९

५) चौदण्डीगढी नगरपालिकाको कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन सम्बन्धी ऐन, २०७९

६) कृषि प्रवर्द्धन ऐन, २०७६

## ख) कार्यविधिहरू/नियमावली

१) चौदण्डीगढी आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० (पहिलो संशोधन २०८१)

२) नगरपालिकाले जग्गा खण्डीकरण तथा प्लटिङ्ग सम्बन्धी कार्यविधि २०८१

३) व्याक-हो लोडर सञ्चालनसम्बन्धी कार्यविधि,२०८२

४) आधारभूत नगर अस्पताल सञ्चालन कार्यविधि-२०८० पहिलो संशोधन २०८२

५) पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

६) साझेदारीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

७) सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि, २०८१

८) नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को पहिलो संशोधन २०८०

९) चौदण्डीगढी नगरपालिकाको कृषि बजार सञ्चालन तथा व्यवस्थापन सञ्चालन कार्यविधि, २०८०

१०) चौदण्डीगढी नगरपालिकाको सहकारी नियमावली, २०८०

११) सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७६

१२) घर जग्गा बहाल कर व्यवस्थापन कार्यविधि,२०७७

१३) एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७६

१४) घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५

१५) व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७

१६) प्राकृतिक स्रोत व्यवस्थापन कार्यविधि,२०७६

१७) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि

## ग) राजस्व परिचानका लागि आवश्यक देखिएका कार्यविधिहरू

१) बहाल बिटौरी शुल्क सङ्कलन कार्यविधि

२)  आन्तरिक आय सङ्कलन तथा आय(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि

३)  फोहरमैला व्यवस्थापन नियमावली

४)  भवन निर्माण निर्देशिका

## २.४ नगरपालिकाको सम्पत्ति विवरण

### २.४.१ सवारी तथा निर्माण साधन (जीप, जेसिबी, ट्रिपर, ट्रयाक्टर आदि)

नगरपालिकामा उपलब्ध सवारी तथा निर्माणसम्बन्धी साधनहरूको सङ्ख्या र प्रयोग स्थिति देखाउँछ।अधिकांश मोटरसाइकल, स्कुटर, सुमो, बोलेरो र स्कर्पियोहरू कार्यालय प्रयोजनका लागि प्रयोग भएका छन् भने जेनन पिकअप र दमकल विपद् व्यवस्थापनमा उपयोग भइरहेका छन् । ट्रयाक्टर, सक्सन मेसिन, शववाहन, ट्रिपर, रोलर र ब्याकहो लोडरहरू, फोहरमैला, ढल तथा पूर्वाधार निर्माणका काममा प्रयोग हुने साधनहरू हुन्।

**तालिका नं. ८:** नगरपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण

| क्र.सं. | सवारी तथा निर्माण सम्बन्धी साधन | एकाइ | सङ्ख्या | हालको उपयोग | भाडा दर रु |
|---|---|---|---|---|---|
| १. | जेनन पिक अप | सङ्ख्या | १ | विपद व्यवस्थापन | |
| २. | सुमो | सङ्ख्या | १ | कार्यालय प्रयोजन | |
| ३. | बोलेरो | सङ्ख्या | १ | कार्यालय प्रयोजन | |
| ४. | स्कर्पियो | सङ्ख्या | २ | कार्यालय प्रयोजन | |
| ५. | स्कुटर | सङ्ख्या | ६ | कार्यालय प्रयोजन | |
| ६. | मोटरसाइकल | सङ्ख्या | ३९ | कार्यालय प्रयोजन | |
| ७. | शव बाहन | सङ्ख्या | १ | शव बोक्ने प्रयोजन | निशुल्क |
| ८. | दमकल | सङ्ख्या | १ | विपद व्यवस्थापन | निशुल्क |
| ९. | एम्बुलेन्स | सङ्ख्या | ८ | स्वास्थ्य प्रयोजन | |
| १०. | ब्याकहो लोडर | सङ्ख्या | १ | निर्माण प्रयोजन | |
| ११. | ट्रयाक्टर | सङ्ख्या | १ | फोहरमैला व्यवस्थापन तथा पानी ढुवानी | निशुल्क |
| १२. | सक्सन मेसिन | सङ्ख्या | १ | ढल व्यवस्थापन | |
| १३. | टिप्पर | सङ्ख्या | २ | सामान ढुवानी | |
| १४. | रोलर | सङ्ख्या | १ | निर्माण प्रयोजन | |
| १५. | ट्याम्पु | सङ्ख्या | १ | सामान ढुवानी | |
| १६. | साइकल | सङ्ख्या | ३ | कार्यालय प्रयोजन | |

*स्रोतः चौदण्डीगढी नगरपालिकाको कार्यालय २०८२*

## २.५ आर्थिक अवस्था

### २.५.१ बैंक तथा वित्तीय संस्था

यस नगरपालिकामा विभिन्न प्रकारका १० वटा वित्तीय संस्थाहरू सञ्चालनमा रहेको देखाउँछ।तीमध्ये ३ वटा वाणिज्य बैंक,१ वटा विकास बैंक र ६ वटा लघुवित्त संस्थाहरू रहेका छन्।वाणिज्य तथा विकास बैंकहरू औपचारिक बैंकिङ पहुँच विस्तारमा योगदान पुऱ्याइरहेका छन् भने लघुवित्त संस्थाहरूले ग्रामीण तथा साना उद्यमी, न्यून÷आय भएका

वर्गलाई वित्तीय सेवा प्रदान गर्दै वित्तीय कारोवारमा सहयोग पुऱ्याइरहेका छन्।समग्रमा, नगरपालिकामा बैंक तथा वित्तीय सेवालाई मध्यम रूपमा पहुँच विस्तार भएको देखिए पनि अझै सेवाको दायरा वृद्धि गर्ने आवश्यकता छ।

**तालिका नं. ९:** नगरपालिकामा रहेका बैक तथा वित्तीय संस्था सम्बन्धी विवरण

| क्र.सं. | वित्तीय संस्थाको नाम | किसिम |
|---|---|---|
| १. | सिद्धार्थ बैंक लिमिटेड | वाणिज्य बैक |
| २. | राष्ट्रिय वाणिज्य बैंक | वाणिज्य बैक |
| ३. | नेपाल एस वि आइ बैंक लिमिटेड | वाणिज्य बैक |
| ४. | कृषि विकास बैंक लिमिटेड | विकास बैंक |
| ५. | नेरुडे मिर्मिरे लघुवित्त संस्था | लघुवित्त |
| ६. | छिमेक लघु वित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त |
| ७. | श्रृजनशिल लघुवित्त वित्तीय संस्था | लघुवित्त |
| ८. | फरवार्ड लघुवित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त |
| ९. | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त |
| १०. | महुली लघुवित्त वित्तीय संस्था | लघुवित्त |

*स्रोतः चौदण्डीगढी नगरपालिकाको कार्यालय २०८२*

### २.५.२ सहकारी संस्थाको विवरण

नगरपालिकाभित्र कृषि सहकारी, बचत तथा ऋण, बहुउद्देश्यीय तथा उपभोक्ता सहकारीजस्ता विभिन्न प्रकारका संस्था ६० वटा सहकारी संस्था क्रियाशील रहेका छन्।ती सहकारीहरूमा ४,९७७ महिला र २९०३ पुरुष गरी कुल ७,९३८ जना सदस्य रहेका छन्।अधिकांश सहकारीहरू कृषि तथा बचत÷ऋण केन्द्रित छन्, जसले कृषिमा लगानी, उद्यमशीलता तथा स्थानीय वित्तीय पहुँच विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको बुझिन्छ।केही बहुउद्देश्यीय र उपभोक्ता सहकारीहरूले सामुदायिक सेवा तथा बजार पहुँच सुदृढ पार्ने कार्यसमेत गर्दै आएका छन्।समग्रमा, सहकारीको सञ्जाल बलियो देखिँदा पनि संस्थागत क्षमता अभिवृद्धि, पारदर्शिता र दीगो सञ्चालनमा थप ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

**तालिका नं. १०:** नगरपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण

| सि.नं. | सहकारीको नाम | वडा नं | संस्थाको किसिम | सदस्य सङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ | राधाकृष्ण कृषि सहकारी संस्था लि. | ५ | कृषि सहकारी | ९३ | ३३ | १२६ |
| २ | मालती कृषि सहकारी संस्था लि. | १० | कृषि सहकारी | ४० | ४१ | ८१ |
| ३ | कालिखोला कृषि सहकारी संस्था लि. | ४ | कृषि सहकारी | ४१ | ५० | ९१ |
| ४ | सप्तकोशी बचत तथा ऋण सहकारी संस्था लि. | ६ | बचत तथा ऋण | १५३ | १७३ | ३२६ |
| ५ | समाबेशी महिला बचत तथा ऋण सहकारी संस्था लि. | ६ | बचत तथा ऋण | ६९ | ० | ६९ |
| ६ | साझा सहकारी संस्था लि. | ६ | | ७९ | ३५७ | ४३६ |
| ७ | श्रीपञ्चमी बहुदेश्यीय सहकारी संस्था लि. | ६ | बहुउद्देश्यीय | १०० | ११५ | २१५ |
| ८ | युनिक बचत तथा ऋण सहकारी संस्था लि. | १० | बचत तथा ऋण | ४१ | ७१ | ११२ |

| सि.नं. | सहकारीको नाम | वडा नं | संस्थाको किसिम | सदस्य सङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| ९ | बुद्ध नगर कृषि सहकारी संस्था लि. | १० | कृषि सहकारी | २९ | ११ | ४० |
| १० | साना किसान कृषि सहकारी संस्था लि | ७ | कृषि सहकारी | २९१ | १५७ | ४४८ |
| ११ | लालिगुरास महिला बहुउद्देश्यीय सहकारी संस्था लि. | ४ | बहुउद्देश्यीय | ५७६ | ० | ५७६ |
| १२ | डिहवार कृषि सहकारी संस्था लि. | ९ | कृषि सहकारी | ६५ | ४१ | १०६ |
| १३ | उच्चज्योती महिला बचत तथा ऋण सहकारी संस्था लि | ८ | बचत तथा ऋण | ३२७ | ० | ३२७ |
| १४ | बेल्टार कृषि सहकारी संस्था लि. | ६ | कृषि सहकारी | १९ | १२ | ३१ |
| १५ | पारीजात कृषि सहकारी संस्था लि | १० | कृषि सहकारी | ३१ | २७ | ५८ |
| १६ | उदयीमान बचत तथा ऋण सहकारी संस्था | ६ | बचत तथा ऋण | २७ | २४ | ५१ |
| १७ | नवदुर्गा म.बहुउद्देश्यीय सहकारी संस्था | ५ | बहुउद्देश्यीय | ४७१ | ० | ४७१ |
| १८ | थान पोखरी बचत तथा ऋण सहकारी संस्था | ९ | बचत तथा ऋण | १९० | १४० | ३३० |
| १९ | नवदुर्गा बचत तथा ऋण सहकारी संस्था | ७ | बचत तथा ऋण | १३७ | १९० | ३२७ |
| २० | भिमसेन कृषि सहकारी संस्था लि. | १० | कृषि सहकारी | ७४ | ७६ | १५० |
| २१ | हरीयाली कृषि सहकारी संस्था लि. | ८ | कृषि सहकारी | १९८ | ११० | ३०७ |
| २२ | महिला जागरण बहुउद्देश्यीय सहकारी संस्था | १० | बहुउद्देश्यीय | ५१ | ० | ५१ |
| २३ | उन्नतीशिल कृषि सहकारी संस्था लि | १० | कृषि सहकारी | १६ | ३७ | ५३ |
| २४ | जनोउत्थान कृषि सहकारी संस्था | १० | कृषि सहकारी | ९ | २६ | ३५ |
| २५ | दिगो कृषि प्रविधि तथा सूचना सहकारी | १० | कृषि सहकारी | ११ | १४ | २५ |
| २६ | अम्विका बहुउद्देश्यीय सहकारी | १० | बहुउद्देश्यीय | ८३ | १३७ | २२० |
| २७ | मिलन कृषि सहकारी | १० | कृषि सहकारी | १५ | १३ | २८ |
| २८ | उर्जाशिल कृषि सहकारी | ९ | कृषि सहकारी | २६ | ६ | ३२ |
| २९ | सिर्जनशिल बचत तथा ऋण | ९ | बचत तथा ऋण | २ | २३ | २५ |
| ३० | त्रिशक्ती स्वावलम्वन बचत तथा ऋण | ९ | बचत तथा ऋण | ४८ | २८ | ७५ |
| ३१ | महिला साना किसान कृषि सहकारी | ८ | कृषि सहकारी | ३७९ | ० | ३७९ |
| ३२ | सिद्धबाबा कृषि सहकारी | ८ | कृषि सहकारी | ५ | २० | २५ |
| ३३ | जन उपभोक्ता सहकारी संस्था | ८ | उपभोक्ता | १४ | १३ | २७ |
| ३४ | पारुहाङ कृषि सहकारी संस्था | ७ | कृषि सहकारी | १४ | ११ | २५ |
| ३५ | सुखशान्ती बचत तथा ऋण सहकारी | ७ | बचत तथा ऋण | १९१ | ० | १९१ |
| ३६ | प्रकृती बचत तथा ऋण सहकारी | ७ | बचत तथा ऋण | २७ | ० | २७ |
| ३७ | ममता बचत तथा ऋण सहकारी | ७ | बचत तथा ऋण | ६४ | १२६ | १९० |
| ३८ | सुम्निमा बचत तथा ऋण सहकारी | ७ | बचत तथा ऋण | ३५ | ५९ | ९४ |
| ३९ | चोमालोङ्गमा उपभोक्ता सहकारी | ७ | उपभोक्ता | २५ | १०० | १२५ |
| ४० | शिवालय कृषि सहकारी संस्था | ६ | कृषि सहकारी | ११ | ३१ | ४२ |
| ४१ | आश्था बचत तथा ऋण सहकारी | ६ | बचत तथा ऋण | १२ | १३ | २५ |
| ४२ | छाहारी कृषि सहकारी संस्था | ६ | कृषि सहकारी | १५ | १५ | ३० |
| ४३ | पञ्चमी बहुउद्देश्यीय सहकारी संस्था | ६ | बहुउद्देश्यीय | ८५ | १०० | १८५ |
| ४४ | नवविहानी कृषि सहकारी संस्था | ५ | कृषि सहकारी | २१ | १६ | ३७ |

| सि.नं. | सहकारीको नाम | वडा नं | संस्थाको किसिम | सदस्य सङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| ४५ | शिवाई कृषि सहकारी संस्था | ५ | कृषि सहकारी | ३ | २४ | २७ |
| ४६ | शिभशक्ती बहुउद्देश्यीय सहकारी संस्था | ५ | बहुउद्देश्यीय | १५ | १५ | ३० |
| ४७ | घरगाँउ कृषि सहकारी संस्था | ४ | कृषि सहकारी | २१ | ९ | ३० |
| ४८ | हंशकाली कृषि सहकारी संस्था | ४ | कृषि सहकारी | ७४ | ७५ | १४९ |
| ४९ | उदयपुर कर्मतारा बचत तथा ऋण सहकारी | ४ | बचत तथा ऋण | ११ | १४ | २५ |
| ५० | सहयात्री बहुउद्देश्यीय सहकारी संस्था | ४ | बहुउद्देश्यीय | ४५ | ४१ | ८६ |
| ५१ | निश्चल उपभोक्ता सहकारी संस्था | ४ | उपभोक्ता | ८ | १९ | २७ |
| ५२ | अन्नपूर्ण कृषि सहकारी संस्था | ४ | कृषि सहकारी | १५ | २० | ३५ |
| ५३ | सूर्यज्योती महिला बहुउद्देश्यीय सहकारी | १ | बहुउद्देश्यीय | २९ | ० | २९ |
| ५४ | विशासय कालिका बचत तथा ऋण सहकारी | १ | बचत तथा ऋण | ३०४ | २२८ | ५३२ |
| ५५ | दुधकोशी उपभोक्ता सहकारी संस्था | १ | उपभोक्ता | ११ | १४ | २५ |
| ५६ | त्रियुगा कृषि सहकारी संस्था | ६ | कृषि सहकारी | | | |
| ५७ | महिला साना किसान कृषि सहकारी | १ | कृषि सहकारी | २२८ | २ | २९० |
| ५८ | साझा सहकारी संस्था लि. | | | | | |
| ५९ | साझा सहकारी संस्था लि. | | | | | |
| ६० | पञ्च कन्या बहुउद्देश्यीय सहकारी संस्था | ६ | बहुउद्देश्यीय | ३ | २६ | २९ |
| | **जम्मा** | | | **४९७७** | **२९०३** | **७९३८** |

*स्रोतः* चौदण्डीगढी *नगरपालिकाको कार्यलय २०८२*

### २.५.३ बजार तथा हाट बजार

चौदण्डीगढी नगरपालिकाभित्रका प्रमुख व्यापारिक स्थानहरू विभिन्न वडाहरूमा फैलिएका छन्।वडा ६ र ७ मा फेलिएको बेल्टार बजार सबैभन्दा व्यस्त व्यापारिक क्षेत्र मानिन्छ । अन्य व्यापारिक स्थलहरूमा वडा १ मा अवस्थित रानीटार र छुइला, वडा ८ मा अवस्थित वीरेन्द्र बजार, वडा १० मा अवस्थित हडिया, वडा ५ मा रहेका शिवाइ चोक, सुन्दरपुर र वेल्हा पर्दछन् । यी स्थानहरू नगरपालिका भित्र व्यापार, पसल र स्थानीय व्यवसायको केन्द्रका रूपमा महत्त्वपूर्ण छन्।

**तालिका नं. ११:** बजार तथा हाट बजारको विवरण

| क्र.सं. | व्यापारिक महत्वका स्थानहरू | स्थान |
|---|---|---|
| १) | बेल्टार बजार | चौदण्डीगढी न.पा. ६, ७ |
| २) | रानीटार | चौदण्डीगढी न.पा १ |
| ३) | छुइला | चौदण्डीगढी न.पा १ |
| ४) | विरेन्द्रवजार | चौदण्डीगढी न.पा ८ |
| ५) | हडिया | चौदण्डीगढी न.पा १० |
| ६) | शिवाइ चोक | चौदण्डीगढी न.पा ५ |
| ७) | सुन्दरपुर | चौदण्डीगढी न.पा ५ |
| ८) | वेल्हा | चौदण्डीगढी न.पा ५ |

*स्रोतः चौदण्डीगढी नगरपालिकाको वस्तुस्थिति विवरण २०७५*

### २.५.४ व्यापार व्यवसाय सम्बन्धी विवरण

यस नगरपालिकामा दर्ता भएका कुल ३५१ व्यवसायमध्ये अधिकांश हिस्सा दैनिक उपभोग्य सामान तथा लत्ता कपडाजस्ता वस्तुहरूको खुद्रा व्यापारको रहेको छ।दोस्रो स्थानमा उर्जामूलक उद्योगहरू रहेका छन् । घ वर्गको निर्माण व्यवसायहरूले साना पूर्वाधार तथा आवास निर्माण गतिविधि सक्रिय रहेको देखाउँछ । उत्पादनमूलक उद्योग भने न्यून सङ्ख्यामा भएकाले औद्योगिक उत्पादनको विकास अपेक्षाकृत कमजोर देखिन्छ । विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवाहरू पनि निकै कम रहेको छ।यस सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. १२:** व्यापार व्यवसायहरूको विवरण

| क्र.सं. | व्यवसायको किसिम | सङ्ख्या |
|---|---|---|
| १ | उत्पादनमूलक उद्योग | ९ |
| २ | उर्जामूलक उद्योग | १०७ |
| ३ | घ वर्गको श्रेणी निर्माण | ६१ |
| ४ | दैनिक उपभोग खाद्यपदार्थ, सुति कपडा आदिको खुद्रा व्यापार | १३७ |
| ५ | व्यवसाय कर र व्यापारिक वस्तु | ३२ |
| ६ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवाहरू | ५ |
| ७ | होटल तथा रेष्टुरेण्ट सम्बन्धी विवरण | २४ |
| | जम्मा | ३७५ |

*स्रोतः चौदण्डीगढी नगरपालिकाको कार्यालय २०८२*

# परिच्छेद तीनः नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजस्व अधिकार र सो अधिकारको कार्यान्वयन, सम्भावना, समस्या तथा चुनौतीहरू र सुधार गर्नुपर्ने कार्यहरूको शीर्षकगत विश्लेषण गरिएको छ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

यस शीर्षकमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (परिमार्जित २०७५) तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ (परिमार्जित २०७५) मा व्यवस्था गरिएका स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धी प्रावधानहरूको विश्लेषण गरिएको छ।

### ३.१.१ संवैधानिक व्यवस्था

#### क) स्थानीय तहको अधिकार सूची अनुसूची ८ र ९

संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीको प्रावधानअनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छः

- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- घर जग्गा बहाल कर
- घर जग्गा रजिस्ट्रेसन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- प्राकृतिक स्रोतको बिक्रीबाट प्राप्त आय
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- मनोरञ्जन कर
- दण्ड जरिबाना

त्यसै गरी संविधान २०७२ मा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी निम्नलिखित धारामा थप प्रावधान देहायअनुसार रहेको छः

#### ख) धारा २२८ कर लगाउन वा ऋण लिन नपाइने

(१) कानुन बमोजिम बाहेक स्थानीय तहमा कुनै पनि किसिमको कर लगाउन, उठाउन र ऋण लगाउन पाइने छैन।

(२) स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्नेछ।

#### ग) संविधानको धारा २३५

संविधानको धारा २३५ मा सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय कायम गर्न सङ्घीय संसद्ले आवश्यक कानुन बनाउने उल्लेख छ।साथै, प्रदेश, गाउँपालिका वा नगरपालिकाबिच समन्वय कायम गर्न र कुनै राजनैतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ भन्ने उल्लेख गरेको छ।

### घ) धारा २३६ अन्तर प्रदेश व्यापार

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन।

यस प्रावधानअनुसार एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वस्तुको ढुवानी गर्दा पटके कर सङ्कलन गर्न पाइने छैन।

### ङ) संविधानको धारा २५१

संविधानको धारा २५१ को १ (झ) मा प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बिच उठ्न सक्ने सम्भावित विवादका विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने प्रावधान राखिएको छ। यस विषयमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.१.२ स्थानीय सरकार सञ्चालन ऐन २०७४)

सङ्घीय कानुन (स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरिएको छः

### अ) नगरपालिकाको एकल अधिकारः




१) **सम्पत्ति करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन २०७५) को दफा ५५ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था गरेको छ।यसरी सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्ने व्यवस्था गरेको छ।**"घरले चर्चेको जग्गा"** भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गालाई बुझाउँछ।घर जग्गामा सम्पत्ति कर लगाउँदा घर जग्गाको मूल्याङ्कनका आधारहरू देहायबमोजिम हुनेछन्ः

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था,

(घ) सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिक स्तर र कर तिर्न सक्ने क्षमताका आधारमा

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घरजग्गा

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड, सरकारी संस्थानको घर घरजग्गा

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका सङ्घ, संस्थाको घर र घरजग्गा

(च) धार्मिक संस्था(मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युत् गृह, मसानघाट, कब्रिस्थान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रङ्गशाला, उद्यान, पार्क, जस्ता सार्वजनिक उपयोगका स्थलहरू

(ज) राजदूतावास, वाणिज्य नियोग, कूटनीतिक नियोगका घर र घरजग्गा

२) **भूमिकर (मालपोत):** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र दफा ५५ बमोजिम घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था गरिएको छ।(दफा ५६)

३) **घर जग्गा बहाल कर:** गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा बहाल कर लगाउनेछ।(दफा ५७ )

४) **व्यवसाय कर:** गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउनेछ।(दफा ५८)

५) **जडीबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस (खर),कवाडी माल, मरेका वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकारको वस्तुको व्यावसायिक उपयोग गरे बापत जडीबुटी, कवाडी र जीवजन्तु कर लगाउनेछ।(दफा ६१)

## आ) शुल्क

१) **बहाल बिटौरी शुल्क:** गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग बापत बहाल बिटौरी शुल्क लगाउनेछ।(दफा ५९) (यो शुल्क ऐलानी जग्गामा बसोबास गर्नेहरूसँग पनि उठाउन सकिनेछ।)

२) **पार्किङ शुल्क:** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउने छ।(दफा ६०)

## इ) सेवा शुल्क (दफा ६२)

१) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिप फ्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउनेछ।

२) गाउँपालिका वा नगरपालिकाले आफूले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको खानेपानी, बिजुली, धारा, अतिथिगृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला,

पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोबीघाट, सडक, बसपार्क, पुल आदि लगायत त्यस्तै प्रकारका अन्य सेवामा सेवा शुल्क लगाउनेछ।

३) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क

४) सिफारिस सम्बन्धी कुनै सेवा शुल्कः

स्थानीय तहले आफैले निर्माण, व्यवस्थापन वा सञ्चालन गरेका पर्यटकीय पूर्वाधारमा प्रवेश शुल्क लिन पाउँछ।तीन तहका सरकार बाहेक अन्य कुनै सरकारी निकाय, समिति वा आयोजनाबाट पर्यटन शुल्क लिन नपाइने व्यवस्था रहेको छ।

## ई) बिक्री गर्न सक्ने (दफा ६२ क)

१) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न पाउने व्यवस्था गरेको छ।

२) आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि बिक्री गर्न पाउनेछ।

## उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने (दफा ६२ ख)

१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने व्यवस्था गरिएको छ।

२) वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ।

**कोष्ठक नं: १ वन ऐन २०७६ दफा २२**

उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रति रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्ने गर्ने र खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गर्ने उल्लेख छ।

२०७६ आश्विन २७ गते प्रमाणीकरण गरिएको वन ऐन २०७६ ले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ मा भएको प्रावधानलाई प्रभावित पारेको व्यहोरा कोष्ठक नं १ मा दिइएको छ।

## ऊ) प्रचलित कानुन बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
  - स्थानीय सहकारी संस्था
  - १०० वाट सम्मको एफएम रेडियो
  - घ वर्गको ठेक्का इजाजत
  - सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम
- मातृ भाषामा शिक्षा दिने विद्यालय
- ट्युसन, कोचिङ्
- औषधि पसल
- परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा
- ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग
- स्थानीय स्तरका व्यापारिक फर्म
- स्थानीय तहका पत्रपत्रिका
- जनरल अस्पताल, नर्सिङ् होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक
- स्थानीय स्तरका सङ्घ संस्था
- इन्टरनेट, टेलिसेन्टर, केबुल तथा ताररहित टेलिभिजन
- लघु घरेलु तथा साना उद्योग (कार्य जिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)
- नक्सा पास दस्तुर (स्थानीय सरकार सञ्चालन ऐन दफा ३३ को ४)

- दण्ड जरिबाना (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन)

### ३.१.३ ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट सङ्कलित राजस्व मध्ये ६० प्रतिशत स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ।यो व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क मा गरिएको व्यवस्थाको विपरीत रहेको छ।जसले गर्दा ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले प्रदेश र स्थानीय तहबिच विवाद उत्पन्न भएको छ।यसै गरी आ.व.२०७६/७७ मलेपको प्रतिवेदन अनुसार मापदण्ड र ऐनमा फरक प्रावधान भएकोले राजस्व बाँडफाँटमा थप अस्पष्टता सिर्जना गरेको व्यहोरा उल्लेख गरेको छ।

### ३.१.४ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७

सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को दफा ४ को उपदफा (१) मा सङ्घले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानुन वा नियम बनाउँदा प्रदेश तथा स्थानीय तहको एकल अतिक्रमण नगर्ने उल्लेख गरेको छ।त्यसै गरी उपदफा २ मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानुन वा नियम बनाउँदा सङ्घ वा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने र कानुन वा नियम बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी बनाउने

**कोष्ठक नं: २ बाझिएका कानुनी प्रावधानहरू**

१) स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क मा विपरीत ढुङ्गा, गिट्टी, बालुवाको बिक्रीबाट प्राप्त रकम स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ।

२) ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्थानीय र प्रदेशको बिचमा ६०:४० को अनुपातमा बाँडफाँट गर्ने उल्लेख छ।

३) निर्माणमुखी सामग्रीको व्यवस्थापन विधेयक २०८० पारित भइ आउँदा स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क को व्यवस्था खारेज हुने अवस्था छ।

उल्लेख गरेको छ।यसको आधारमा भन्नुपर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको व्यवस्था विपरीत ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ विपरीत जारी भएको देखिन्छ।यस सम्बन्धी थप व्याख्या कोष्ठक २ मा गरिएको छ भने निर्माणमुखी सामग्रीको व्यवस्थापन विधेयक सम्बन्धी विस्तृत विवरण अनुसूची ३ मा दिइएको छ।

### ३.१.५ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

१) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४ को दफा १५ ले राजस्वको बाँडफाँट गर्दा लिइने आधार तोकेको छ।जसअनुसार आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबिच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा तल दिइएको छ।

क. जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण

ख. क्षेत्रफल

ग. मानव विकास सूचकाङ्क

घ. खर्चको आवश्यकता

ङ. राजस्व सङ्कलनमा गरेको प्रयास

च. पूर्वाधार विकास र

छ. विशेष अवस्था।

२) आयोगले राजस्व बाँडफाँट सम्बन्धमा निर्धारण गरेको विस्तृत आधार र ढाँचा पाँच (५) वर्षको लागि मान्य हुने र आयोगले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था उक्त ऐनको दफा १५ को उपदफा (२) मा गरेको छ।

३) तर सोही ऐनको दफा १५ को उपदफा (३) र (४) ले यस आयोगले निर्धारण गरेको विस्तृत आधार र ढाँचा विशेष कारणवश पाँच वर्ष अगावै पुनरावलोकन गर्न आवश्यक देखिएमा नेपाल सरकारले आयोगलाई अनुरोध गर्न सक्ने र नेपाल सरकारले गरेको अनुरोध आयोगलाई मनासिब लागेमा उल्लिखित आधार र ढाँचामा पुनरावलोकन गरी नेपाल सरकारमा सिफारिस गर्न सक्नेछ।तर यसरी आयोगबाट पहिलो पटक निर्धारण भएको विस्तृत आधार र ढाँचा पाँच वर्षमा एक पटक भन्दा बढी पटक पुनरावलोकन हुनसक्ने देखिँदैन।

### ३.१.६ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन तथा प्राप्त गर्ने अधिकार प्रदान गरिएको छ।

#### क) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट (दफा ७)

नेपाल सरकार, प्रदेश र स्थानीय सरकार बिच प्राकृतिक स्रोतबाट प्राप्त हुँने रोयल्टीको बाँडफाँटका लागि नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी विभिन्न प्रकारको रोयल्टीबाट प्राप्त हुँने रकम सो कोषमा जम्मा गर्नेछ।प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत उपलब्ध गराइने छ।प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी तपसिलमा उल्लेख गरिएका छन्ः

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो/पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

**तालिका नं. १३:** प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट(प्रतिशतमा)

| राजस्वका शीर्षकहरू | अधिकारको प्रयोग | | राजस्व बाँडफाँट (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|
| | दर निर्धारण | सङ्कलन तथा प्रशासन | सङ्घ | प्रदेश | स्थानीय | जम्मा |
| पर्वतारोहण | सङ्घ | सङ्घ | ५० | २५ | २५ | १०० |
| विद्युत् | सङ्घ | सङ्घ | ५० | २५ | २५ | १०० |
| वन | सङ्घ | सङ्घ | ५० | २५ | २५ | १०० |
| खानी तथा खनिज | सङ्घ | सङ्घ | ५० | २५ | २५ | १०० |
| पानी तथा अन्य प्राकृतिक | सङ्घ | सङ्घ | ५० | २५ | २५ | १०० |

*स्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अनुसूची ४ दफा ७ को उपदफा (२)* बाट विश्लेषित

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आ.व.२०८२/८३ देखि २०८६/८७ सम्म बाँडफाँटका लागि गरेको सिफारिस अनुसूची÷४ मा उल्लेख गरिएको छ।नेपाल सरकारले हालसम्म पनि सोही सिफारिसका आधारमा स्रोत तथा वित्तीय हस्तान्तरण वितरण गर्दै आएको छ।

**कोष्ठक नं: ३ वित्त आयोगको सिफारिस**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आ.व.२०८२/८३÷२०८६/८७ सम्मका लागि सिफारिस गरेको छ।तर नेपाल सरकारले साबिककै सिफारिसको आधारमा वितरण गर्दै आएको छ।

## ख) राजस्व बाँडफाँट

### १) प्रदेश सरकारबाट गरिने बाँडफाँट (दफा ५)

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद २, दफा ५ मा आर्थिक ऐन २०७५ द्वारा संशोधितमा एकल कर प्रशासन शीर्षकमा तपसिल बमोजिमको व्यवस्था गरिएको छ।

अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर नगरपालिकाले लगाउने र उठाउने ।

आ) घरजग्गा रजिस्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने ।

इ) मनोरञ्जन करको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने ।

ई) विज्ञापन करको दर नगरपालिकाले लगाउने र उठाउने ।

१) (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ।तर टाँगा रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने छ।यो कर प्रदेश सरकारसँग बाँडफाँट गर्नु पर्दैन।

२) (आ), (इ) र (ई) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

**तालिका नं. १४:** स्थानीय र प्रदेश तह बिचको राजस्व बाँडफाँट(प्रतिशतमा)

| राजस्वका शीर्षकहरू | अधिकारको प्रयोग | | राजस्व बाँडफाँट (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|
| | दर निर्धारण | सङ्कलन तथा प्रशासन | सङ्घ | प्रदेश | स्थानीय | जम्मा |
| घरजग्गा रजिस्ट्रेसन शुल्क | प्रदेश | स्थानीय | ० | ४० | ६० | १०० |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ० | ६० | ४० | १०० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ० | ४० | ६० | १०० |
| विज्ञापन कर | स्थानीय | स्थानीय | ० | ४० | ६० | १०० |

*स्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बाट विश्लेषित*

प्रदेश सरकारले सङ्कलन गरेको सवारी साधन करबाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्बन्धित स्थानीय तहहरू बिच बाँडफाँट हुने व्यवस्था छ।सवारी साधन कर बाँडफाँटका आधारहरू अनुसूची ५ मा दिइएको छ।यसका अतिरिक्त स्थानीय तहबाट सङ्कलन भएको घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर, विज्ञापन करको ४० प्रतिशत रकम सम्बन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ।घरजग्गा रजिस्ट्रेसन सम्बन्धी हालको व्यवस्था कोष्ठक ४ मा उल्लेख भएबमोजिम हुने व्यवस्था छ।

**कोष्ठक नं: ४ राजस्व बाँडफाँट सम्बन्धी कोशी प्रदेशको आर्थिक ऐन २०८२**

१. घरजग्गा रजिस्ट्रेसन शुल्क प्रदेश कानुन बमोजिम हाललाई नेपाल सरकार अन्तर्गतको मालपोत कार्यालय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँट गर्ने व्यवस्था मिलाइएको छ।
२. मनोरञ्जन करको दर एकमुष्ठ तोकिएको अवस्थामा सोही बमोजिम हुने र अन्यमा प्रवेश शुल्क असुल गर्ने टिकटको मूल्यमा समावेश गर्ने उल्लेख छ।
३. विज्ञापन कर सम्बन्धी दर निर्धारण तथा सङ्कलन गर्ने अधिकार स्थानीय सरकारलाई दिइएको छ।यस ऐन र प्रचलित कानुन अनुसार, कोशी प्रदेश सरकारका निकाय, स्थानीय तहका कार्यालय, बैंक, सहकारी, गैरसरकारी संस्था, उद्योग, व्यवसाय, फर्म वा कम्पनीले आफ्नो कार्यसँग सम्बन्धित सूचना वा विज्ञापन कुनै पनि माध्यमबाट प्रकाशन वा प्रसारण गर्दा, सो प्रयोजनका लागि भुक्तानी हुने रकम (कर बाहेक) बाट ३ प्रतिशत दरले विज्ञापन कर कट्टा गरी सम्बन्धित स्थानीय तहको राजस्व कोषमा दाखिला गर्नुपर्नेछ।

### २) नेपाल सरकारबाट गरिने राजस्व बाँडफाँट

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम मध्येबाट उठेको रकमलाई सङ्घीय विभाज्य कोष खडा गरी त्यस कोषमा जम्मा गर्नेछ।सो रकमको ७० प्रतिशत सङ्घीय सञ्चित कोषमा,१५ प्रतिशत प्रदेश विभाज्य कोषमा र १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ।प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा गरिएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिनेछ।यसरी बाँडफाँट गरिएको रकम प्रदेश सञ्चित कोष र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय कोषमा जम्मा हुने गरी मासिक रूपमा उपलब्ध गराइनेछ।

**तालिका नं. १५:** मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको बाँडफाँट(प्रतिशतमा)

| राजस्वका शीर्षकहरू | अधिकारको प्रयोग | | राजस्व बाँडफाँट (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|
| | दर निर्धारण | सङ्कलन तथा प्रशासन | सङ्घ | प्रदेश | स्थानीय | जम्मा |
| मूल्य अभिवृद्धि कर | सङ्घ | सङ्घ | ७० | १५ | १५ | १०० |
| अन्त शुल्क | सङ्घ | सङ्घ | ७० | १५ | १५ | १०० |

*स्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)बाट विश्लेषित*

### ३) अनुदानको व्यवस्था (परिच्छेद ४)

सङ्घीय तथा प्रदेश सरकारबाट प्रदान गरिने वित्तीय समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सिफारिसको आधारमा स्थानीय तहहरू बिच बाँडफाँट हुने व्यवस्था छ।त्यसै गरी सङ्घीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ। समपूरक तथा विशेष अनुदानका लागि स्थानीय तहहरूबाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार सङ्घीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ।राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको अनुदान सम्बन्धी हालको व्यवस्था अनुसूची ६.१ मा दिइएको छ।

(क) वित्तीय समानीकरण अनुदानः स्थानीय तहले खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा सङ्घ र प्रदेशबाट प्राप्त गर्नेछ।वित्तीय समानीकरण अनुदानको आ.व.२०८२/८३÷०८६/८७ सम्मका लागि गरिएको सिफारिस अनुसूची ६.२ मा दिइएको छ।

(ख) सशर्त अनुदानः स्थानीय तहले कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त गर्नेछ।आ.व.२०८२/८३ को लागि आयोगबाट गरिएको सशर्त अनुदान सम्बन्धी सिफारिस अनुसूची ६.३ मा दिइएको छ।

**कोष्ठक नं: ५ अनुदान कट्टा**

कोशी प्रदेशले स्थानीय तहले पर्यटन शुल्क समयमै दाखिला नगरेमा अनुदानबाट कट्टा गर्न सक्ने व्यवस्था उल्लेख गरेको छ।

(ग) समपूरक अनुदानः स्थानीय तहले पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त गर्नेछ।(**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन दफा १०**)

(घ) विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाका लागि सङ्घ र प्रदेशबाट प्राप्त गर्नेछ। (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन दफा ११**)

### ४) वैदेशिक सहायता तथा आन्तरिक ऋण(परिच्छेद ५)

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने।
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ।स्थानीय तहले कानुन बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्नअनुसारका थप व्यवस्थाहरू रहेका छन्।

**तालिका नं. १६: कर तथा ऋण सम्बन्धी थप व्यवस्था**

| स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा गरिएको व्यवस्था |
|---|---|
| १) कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने। | १) कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने।<br>२) गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने। |

| स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा गरिएको व्यवस्था |
|---|---|
| २) सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने। | ३) कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा भइरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभावसमेत उल्लेख गर्नुपर्ने।<br>४) राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने। |

## ३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था

यस भागमा नगरपालिकाको आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरू, परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत रूपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ।

**तालिका नं. १७:** आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/ नभएको | सङ्कलन भएको/ नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| **क)** | **कर राजस्व** | | | |
| १ | सम्पत्ति कर | भएको | भएको | भएको |
| २ | भूमिकर(मालपोत) | भएको | भएको | भएको |
| ३ | घरजग्गा बहाल कर | भएको | भएको | भएको |
| ४ | व्यवसाय कर | भएको | भएको | भएको |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटो रिक्सा, ई रिक्सा) | भएको | नभएको | भएको |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | भएको | नभएको | भएको |
| ७ | विज्ञापन कर | भएको | भएको | भएको |
| ८ | मनोरञ्जन कर | भएको | नभएको | भएको |
| **ख)** | **गैर कर राजस्व** | | | |
| ख.१ | शुल्क, सेवा शुल्क तथा महसुल | भएको | भएको | भएको |
| १ | बहाल बिटौरी शुल्क | भएको | भएको | भएको |
| २ | पार्किङ शुल्क | भएको | नभएको | भएको |
| ३ | पर्यटन शुल्क | भएको | नभएको | **भएको** |
| ४ | परीक्षा शुल्क | भएको | भएको | भएको |
| ५ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | भएको | नभएको | नभएको |
| ६ | केबलकार, ट्रेकिङ्ग, कायाकिङ, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ७ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरी ढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग शुल्क | नभएको | नभएको | नभएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | **भएको** | **भएको** |
| ९ | अस्पताल सञ्चालन | | | |
| १० | एम्बुलेन्स सञ्चालन | भएको | भएको | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/ नभएको | सङ्कलन भएको/ नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| ११ | दमकल सञ्चालन | भएको | निशुल्क | नभएको |
| १२ | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको |
| १३ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| १४ | स्थानीय विद्युत् महसुल | नभएको | नभएको | नभएको |
| ख. २ | दस्तुर | | | |
| १ | नक्सा पास दस्तुर | भएको | भएको | भएको |
| २ | सिफारिस/प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता दस्तुर | भएको | भएको | भएको |
| ४ | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| ख. ३ | बिक्री तथा अन्य आय | भएको | भएको | भएको |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | भएको | भएको | भएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | **न**भएको | **न**भएको | **न**भएको |
| ३ | अन्य बिक्रीबाट प्राप्त रकम | भएको | भएको | भएको |
| ४ | सामुदायिक वनबाट आय प्राप्त | भएको | नभएको | नभएको |
| ५ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | भएको | भएको | भएको |
| ६ | न्यायिक दण्ड जरिबाना | भएको | भएको | भएको |
| ७ | प्रशासनिक दण्ड जरिबाना | भएको | भएको | भएको |

माथिको तालिकाका आधारमा विश्लेषण गर्दा नगरपालिकाका कर राजस्वतर्फ सम्पत्ति कर, भूमिकर, घरबहाल कर, व्यवसाय कर, विज्ञापन कर जस्ता प्रमुख शीर्षकहरूमा तीनै पक्ष (सम्भावना, सङ्कलन, दर निर्धारण) पूर्ण रहेको सकारात्मक पक्ष देखिन्छ।तर सवारी कर, जडीबुटी/कवाडी कर तथा मनोरञ्जन करमा सङ्कलन नभएको अवस्था छ।गैर÷कर राजस्वमा शुल्क, सेवा शुल्क र महसुलमध्ये पार्किङ शुल्क, पर्यटन शुल्क, स्थानीय खानेपानी महसुल, पूर्वाधार सेवा शुल्क, ढुङ्गा÷गिट्टी सर्वेक्षण/उत्खनन शुल्क जस्ता सम्भावित राजस्व स्रोतहरू **प**हिचान भए पनि सङ्कलन कार्यान्वयन हुन सकेको छैन।

## ३.३ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना विश्लेषण

### ३.३.१ स्थानीय कर राजस्व

#### क) सम्पत्ति कर

**विद्यमान अवस्थाः**

नगरपालिकाले आर्थिक ऐन २०८२ मा सम्पत्ति कर सम्बन्धी व्यवस्था दफा २ गरी यसका दरहरू अनुसूची १ गरेको छ।अनुसूची १ मा तोकिए बमोजिमका दरहरू सफ्टवेयर प्रणाली स्थापना गरी सबै वडाहरूबाट सङ्कलन हुँदै आएको छ।सङ्कलन कार्यलाई वैज्ञानिक ढङ्गबाट सञ्चालन गर्न सम्पत्ति कर सङ्कलन कार्यविधि, २०७६ जारी भइ सो बमोजिम कर सङ्कलन हुँदै आएको छ।एकीकृत सम्पत्ति कर २०७५ सालमा स्थानीय सरकार सञ्चालन ऐन २०७४

मा संशोधन गरी घर घरले चर्चेको जग्गामा सम्पत्ति कर र बाँकी जग्गा वा घर नभएको जग्गामा मालपोत सङ्कलन गर्नु पर्ने व्यवस्था भएकोमा यस नगरपालिकाले एकीकृत सम्पत्ति कर सरह नै सम्पत्ति कर मात्र सङ्कलन गरेको छ।यो व्यवस्था न्याय संगत तथा कानुनसम्मत देखिदैन।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु.४३ लाख ७ हजार ६ सय ३९ सङ्कलन भएको देखिन्छ।चालु आ.व.मा पनि यस शीर्षकमा रु.४५ लाख अनुमान गरिएकोमा मंसिर २ गतेसम्म रु.१६ लाख १८ हजार ५ सय ४५ सङ्कलन भएको छ।

**सम्भाव्यताः**

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार यस नगरपालिकाको जनगणना गरिएको घर सङ्ख्यालाई नै सम्पत्ति करदाता सङ्ख्या मानिएको छ।घरको जगको किसिमको आधारमा घरहरूको वर्गीकरण गरिएको छ।जस अनुसार यस नगरपालिकाको घरको सङ्ख्या १२७०३ मानिएको छ।विद्यमान कानुनी व्यवस्था अनुसार घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा १२७०३ घरपरिवारसँग घर तथा अन्य संरचना र जग्गा रहेको अनुमान गरिएको छ।यही सङ्ख्यालाई कुल सम्पत्ति करदाताको सङ्ख्या कायम गर्दा रु.५ करोड ४ लाख ९१ हजार ८ सय ८४ सङ्कलनको सम्भावना देखिन्छ।

**तालिका नं. १८:** सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र.सं. | सम्पत्तिको मूल्य | सम्पत्तिको मुल्य अंकमा | जम्मा करदाता सङ्ख्या | करको दर | जम्मा करको दर | जम्मा सङ्कलन |
|---|---|---|---|---|---|---|
| १ | पहिलो रु. ५ लाखमा | ५,००,००० | ६,७७१ | १२० | १२० | ८,१२,४८४ |
| २ | त्यसपछिको थप रु. ४५ लाखमा | ५०,००,००० | २,५७९ | १,२०० | १,३२० | ३४,०३,८९६ |
| ३ | त्यसपछिको थप रु. ५० लाखमा | १,००,००,००० | १,१९४ | २,६०० | ३,९२० | ४६,८०,८०१ |
| ४ | त्यसपछिको थप रु. १ करोडमा | २,००,००,००० | ९२७ | ५,६०० | ९,५२० | ८८,२८,०७७ |
| ५ | त्यसपछिको थप रु. १ करोडमा | ३,००,००,००० | ६६१ | ९,००० | १८,५२० | १,२२,३३,४९७ |
| ६ | त्यसपछिको थप रु. २ करोडमा | ५,००,००,००० | ५३४ | १६,००० | ३४,५२० | १,८४,१७,३१८ |
| ७ | त्यसपछिको थप जति भएपनी | ६,००,००,००० | ३८ | २१,००० | ५५,५२० | २१,१५,८१२ |
| | जम्मा | | १२,७०३ | | | ५,०४,९१,८८४ |

**सुझावहरू**

- सम्पत्तिको परिभाषा, मूल्याङ्कन गर्ने तरिका, ह्रासकट्टी, र करको दरलाई समेटेर वैज्ञानिक आधारमा तयार पारिएको सम्पत्ति कर कार्यविधि समय सापेक्ष परिमार्जन गर्ने।सो कार्यविधिमा कर असूलीको प्रक्रिया र कर नलाग्ने सम्पत्तिको स्पष्ट रुपमा व्यवस्था समेत गर्ने।
- सम्पत्ति कर निर्धारण गर्दा घरको मूल्याङ्कन गर्दा घरको संरचना (घरको प्रकार, सामग्री, स्तर आदि) का आधारमा गर्ने।
- सम्पत्ति कर विवरण प्रणालीलाई घरजग्गा बहाल कर र व्यवसाय करसँग एकीकृत गरी कर व्यवस्थापनलाई थप व्यवस्थित बनाउने।
- आर्थिक ऐनमा रहेको एकीकृत सम्पत्ति कर हटाई सम्पत्ति कर मात्र उल्लेख गर्ने।
- घर र घरले चर्चेको जग्गामा मात्र सम्पत्ति कर सङ्कलन गरी बाँकी जग्गा वा घर नभएको खाली जग्गामा मालपोत सङ्कलन गर्नुपर्ने।

## ख) मालपोत वा भूमिकर

**विद्यमान अवस्था**

यस नगरपालिकाले २०७५ साल पछि एकीकृत सम्पत्ति कर सरह सम्पत्ति कर मात्र सङ्कलन गर्दै आएको छ।आर्थिक ऐनमा राखिएको करका दरहरू २०७५ साल भन्दा पहिलेको व्यक्यौताको लागि मात्र हो।यस ऐनको दफा ३ मा आफ्नो क्षेत्रभित्र मालपोत लगाई असुल उपर गर्ने प्रावधान उल्लेख गरेको छ।यस ऐनको अनुसूची २ बमोजिम मालपोतको दरहरू उल्लेख गरेको छ।मालपोतका दर निर्धारण गर्दा अबल, दोयम, सीम र चाहर गरी कम जग्गा हुनेसँग कम र बढी जग्गा हुनेसँग बढी कर सङ्कलन गर्ने गरी दर निर्धारण भएको गरिएको छ।

अनुसूची २ मा तोकिए बमोजिमका दरहरू सफ्टवेयर प्रणाली स्थापना गरी सबै वडाहरूबाट सङ्कलन हुँदै आएको छ।आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु.५२ हजार ६ सय २० सङ्कलन भएको थियो।चालु आ.व.मा यस शीर्षकमा रु.५लाख अनुमान गरिएकोमा मंसिर २ गते सम्म रु.१ हजार १ सङ्कलन भएको छ।

**सम्भाव्यताः**

स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरेअनुसार घर तथा संरचनाले चर्चेको भन्दा बाहेकको जग्गामा भूमिकर (मालपोत)को सम्भाव्यता अनुमान गरिएको छ।यस नगरपालिकाको कृषियोग्य जमिनको क्षेत्रफल ८४.२९व.कि.मी.रहेको छ।यसलाई कट्ठामा परिवर्तन गर्दा 24895९ हुन आउँछ।यस क्षेत्रफललाई नगरपालिकाको आर्थिक ऐनमा गरिएको जग्गाको वर्गीकरण र सो बमोजिम निर्धारण गरिएको दरका आधारमा सम्भाव्यता अनुमान गर्दा रु.८५ लाख २० हजार १ सय ११ सङ्कलन हुन सक्ने देखिन्छ।यस सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. १९:** मालपोत सम्बन्धी सम्भाव्यता विश्लेषण

| विवरण | जग्गाको प्रकार | दर रु | जग्गाको क्षेत्रफल कट्ठामा | जम्मा सम्भाव्य रकम |
|---|---|---|---|---|
| डेढ बिघा वा सोभन्दा कम जग्गा भएका जग्गाधनीका लागि | अवि | ४५ | १९०६१ | ८५७७२९ |
| | दोर्सि | ४० | २२८७३ | ९१४९११ |
| | सीमी | ३५ | १५२४९ | ५३३६९८ |
| | चहार | २५ | १९०६१ | ४७६५१६ |
| तीन बिघा वा सोभन्दा कम जग्गा भएका जग्गाधनीका लागि | अवि | ४५ | १९०६१ | ८५७७२९ |
| | दोर्सि | ४० | १५२४९ | ६०९९४१ |
| | सीमी | ३५ | १५२४९ | ५३३६९८ |
| | चहार | २५ | २६६८५ | ६६७१२३ |
| तीन विघाभन्दा बढी जग्गा भएका जग्गा धनीका लागि | अवि | ५० | ११४३६ | ५७१८२० |
| | दोर्सि | ४५ | १५२४९ | ६८६१८३ |
| | सीमी | ४० | १५२४९ | ६०९९४१ |
| | चहार | ३५ | ३४३०९ | १२००८२१ |
| जम्मा | | | २२८७२८ | ८५२०१११ |

**सुझावहरू**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ र ५६ मा गरिएको प्रावधान अनुसार सम्पत्ति कर र मालपोत अलग अलग रुपमा सङ्कलन गर्नुपर्ने।

- मालपोतको दर निर्धारण गर्दा जग्गा जहाँ रहेको छ, त्यसको स्थान, क्षेत्रफल र मूल्याङ्कनका आधारमा निर्धारण गर्ने।
- बाटोले जग्गालाई छोएको वा नछोएको यकीन गर्नका लागि बाटोको लगत तयार गरी भूसूचना प्रणालीमा समावेश गर्ने।
- मालपोत सङ्कलनलाई स्पष्ट, एकरूप र व्यवस्थित बनाउन छुट्टै कार्यविधि तयार गरी व्यवहारमा लागु गर्ने।

## ग) घरजग्गा बहाल कर

**विद्यमान अवस्थाः**

नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा ४ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूर्ण वा आंशिक रूपमा बहालमा दिएको खण्डमा बहाल रकमको १० प्रतिशत बहाल कर लाग्ने व्यवस्था अनुसूची ३ मा उल्लेख गरिएको छ।घर जग्गा बहाल कर सङ्कलनका लागि कार्यविधि बनाइएको छैन।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु.१८ लाख ९७ हजार ४ सय १३ सङ्कलन भएको थियो।चालु आ.व.मा यस शीर्षकमा रु.८ लाख अनुमान गरिएकोमा मंसिर २ गते सम्म रु.५ लाख ८० हजार ८ सय ३५ सङ्कलन भएको छ।

**सम्भाव्यताः**

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन यस नगरपालिकामा ३.२ प्रतिशत परिवार भाडामा बसेको देखिन्छ। एक घरमा एक भन्दा पनि बढी परिवार भाडामा बस्न सक्ने हुँदा जम्मा २०० घरधनीले घर भाडामा दिएको अनुमान गरिएको छ।बजार क्षेत्रमा व्यवसाय प्रयोजनका लागि समेत भाडामा दिने तथ्यलाई मध्यनजर गर्दा करीब ३४७ घर भाडामा लगाइएको अनुमान गरिएको छ।बहाल रकमको १० प्रतिशत कर लिँदा रु.३८ लाख ११ हजार २ सय सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

**तालिका नं. २०:** घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र.सं. | प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको घरजग्गा सङ्ख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | (क) | (ख) | (ग) | (घ) | (ङ) |
| | | अनुमानित | अनुमानित | क × ख ×१२ | प्रतिशत | ग को १० प्रतिशत |
| १ | लेखा परीक्षण गर्ने संस्थागत प्रयोजनले व्यवसायिक फर्म, वित्तीय तथा सार्वजनिक संस्थाहरूलाई बहालमा लगाउने (औसत मासिक रु. ८००० भाडा आर्जन गर्ने) | ३४७ | ८,००० | ३,३३,१२,००० | १० | ३३३१२०० |
| २ | घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रु. २००० भाडा आर्जन गर्ने) | २०० | २००० | ४८,००,००० | १० | ४८०००० |
| | जम्मा | ५४७ | | ३८११२००० | | ३८११२०० |

**सुझावहरू**

- घरजग्गा बहाल करको दर बहालबाट प्राप्त हुने आम्दानीका आधारमा हुने गरी आर्थिक ऐन तयार पार्ने।करका दरहरू प्रगतिशील करको सिद्धान्तअनुसार निर्धारण गर्ने।
- बहालमा लगाइएका घरजग्गाको व्यवस्थित लगत सङ्कलन गरी,घर/संरचनाको प्रकार र स्थानका आधारमा प्रति वर्ग फुट करको दर तय गर्ने व्यवस्था आर्थिक ऐनमा मिलाउने।यस आधारमा न्यूनतम बहाल मूल्याङ्कन गरी कर सङ्कलन गर्न आवश्यक कार्यविधि तयार पार्ने।
- घर जग्गा बहालमा दिने धनीको लगत सङ्कलन गरी सो अभिलेखलाई सम्पत्ति कर प्रणालीसँग एकीकृत गर्ने।
- घरजग्गा बहाल करसम्बन्धी व्यवस्थाको सूचनामूलक सामग्री तयार गरी सर्वसाधारणमा व्यापक रूपमा प्रचार÷प्रसार गर्ने।
- आय अनुमान गर्दा विगतका वर्षमा सङ्कलनको अवस्था र तथ्याङ्कमा आधारित भएर गर्नुपर्ने।
- घरजग्गा बहाल कर सङ्कलन कार्यविधि बनाइ सो बमोजिम कर सङ्कलन गर्नुपर्ने।

## घ) व्यवसाय कर

**विद्यमान अवस्थाः**

नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाई असुल उपर गरिने व्यवस्था नगरपालिकाले आर्थिक ऐन २०८२ को दफा ५ मा गरेको छ। करका दरहरू अनुसूची ४ मा उल्लेख गरिएको छ।अनुसूची ४ मा तोकिए बमोजिमका दरहरू सफ्टवेयर प्रणाली स्थापना गरी सबै वडाहरूबाट सङ्कलन व्यवस्था गरिएको छ।हालसम्म यस नगरपालिकामा ३६५ वटा विविध व्यवसायहरू सञ्चालनमा रहेका छन्।यस भन्दा बाहेक पनि नगरपालिकामा दर्ता नभइकन सञ्चालनमा आएको अनुमान गरिएको छ।

आ.व.२०८१/८२ मा व्यवसायले भुक्तानी गर्ने र व्यवसाय कर शीर्षक दुवै गरी जम्मा रु.९ लाख ५२ हजार १ सय ५५ सङ्कलन भएको थियो।चालु आ.व.मा यस शीर्षकमा रु.३० लाख अनुमान गरिएकोमा मंसिर २ गते सम्म रु.५ लाख ३३ हजार ७ सय ५० सङ्कलन भएको देखिन्छ।

**सम्भाव्यताः**

नगरपालिकामा विभिन्न किसिमका व्यवसाय गर्ने व्यवसायीहरूको सङ्ख्या करीब ४२६ वटा रहेको अनुमान गरिएको छ।व्यवसायको प्रकार र आर्थिक ऐनमा उल्लेख गरिएको दरको आधारमा विश्लेषण गरी यसबाट प्राप्त हुन सक्ने कुल सम्भावनाको विश्लेषण गर्दा व्यवसाय करबाट रु.१० लाख २३ हजार ६ सय सङ्कलन हुने सम्भावना रहेको छ।यस सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. २१:** व्यवसाय कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र.सं. | व्यवसायको किसिम | अनुमानित सङ्ख्या | औसत दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | उत्पादनमूलक उद्योग | ९ | ३००० | २७००० |
| २ | उर्जामूलक उद्योग | १०७ | २५०० | २६७५०० |
| ३ | दैनिक उपभोग खाद्यपदार्थ, सुति कपडा आदिको खुद्रा व्यापार | १३७ | २३०० | ३१५१०० |
| ४ | व्यवसाय कर र व्यापारिक वस्तु | ३२ | ३००० | ९६००० |
| ५ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवाहरू | ५ | २००० | १०००० |
| ६ | होटल तथा रेष्टुरेण्ट सम्बन्धी विवरण | २४ | ३५०० | ८४००० |

| क्र.सं. | व्यवसायको किसिम | अनुमानित सङ्ख्या | औसत दर | जम्मा रकम |
|---|---|---|---|---|
| ७ | दर्ता नगरी सञ्चालनमा आएका व्यवसाय अनुमानित | ११२ | २००० | २२४००० |
| | जम्मा | ४२६ | | १०२३६०० |

**सुझावहरू**

- व्यवसाय करको दर निर्धारण गर्दा व्यवसायीहरूसँग पर्याप्त छलफल र सहकार्य गरी, व्यवसायको प्रकृति तथा पुँजीगत लगानीका आधारमा व्यवसाय वर्गीकरण गरी व्यवसाय दर्ता तथा वार्षिक नवीकरणमा लाग्ने करका दर तय गरी कर असूली गर्ने व्यवस्था मिलाउने।
- नगरपालिकामा व्यवसाय सञ्चालन गर्न अनिवार्य रूपमा नगर कार्यपालिकाबाट व्यवसाय इजाजत लिनुपर्ने व्यवस्था बनाउन चौदण्डीगढी उद्योग वाणिज्यसँग सहकार्य तथा समन्वय गरी सम्पूर्ण करदातालाई करको दायरामा ल्याएर अभिलेख अद्यावधिक गर्ने।
- व्यवसाय कर असूलीका काममा आन्तरिक राजस्व कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयसँग निरन्तर समन्वय गर्ने।
- व्यवसायीहरूले कर चुक्ता प्रमाणपत्र लिन चाहँदा, व्यवसाय नवीकरण गरेको प्रमाण अनिवार्य रूपमा पेस गर्न आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य सङ्घसँग समन्वय गर्ने।
- कर दायराभन्दा बाहिर रहेका अनलाइन व्यवसाय, घुमन्ते व्यापारी, फुडट्रकजस्ता व्यवसायलाई कर प्रणालीमा समावेश गर्न आर्थिक ऐनमा आबश्यक व्यवस्था गर्ने।
- व्यवसाय दर्ता तथा कर असूलीलाई प्रभावकारी बनाउन कर सङ्कलन टोली बनाई र समयमै कर तिर्नेलाई विशेष छुट दिने व्यवस्था गर्ने।बक्यौता रकममा छुट दिने प्रवृत्ति नियमित करदातामाथि अन्याय हुने भएकाले त्यसलाई निरुत्साहित गर्ने।
- व्यवसाय स्थलको अनुगमन गरी व्यवसाय दर्ताको लगत मिलान गर्ने अभियान सञ्चालन गर्ने।यस आधारमा नयाँ व्यवसायलाई दर्तामा ल्याइनेछ र बन्द वा नचलेका व्यवसायको लगत कट्टा गर्ने।
- आर्थिक ऐनमा भएको व्यवसाय साधन कर हटाएर व्यवसाय कर मात्र उल्लेख गर्ने।
- व्यवसाय दर्ता, नवीकरण र खारेजीका प्रक्रिया समावेश हुने गरी व्यवसाय कर सङ्कलन कार्यविधि तयार गर्ने।

## ङ) जडीबुटी, कवाडी, जीवजन्तु कर

**विद्यमान अवस्थाः**

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडीबुटी, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरूको हाड, सिङ, प्वाख, छाला, जस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत आर्थिक ऐनमा दरहरू उल्लेख गरी कर लिन पाउने व्यवस्था अनुसार यस नगरपालकाको आर्थिक ऐनको दफा ६ मा व्यवस्था गरेको छ।करका दरहरू अनुसूची ५ मा दिइएको छ। यस शीर्षकमा रू.३ लाखमा ठेक्का लगाउन सूचना प्रकासित गर्दा कसैको पनि दर्खास्त नपरेकोले यस शीर्षकमा कर सङ्कलन हुन सकेको छैन।

**सम्भाव्यताः**

यस क्षेत्रमा भेटिने कवाडी सामग्रीमध्ये कागज, टिन, फलाम र बोतल प्रमुख रूपमा रहेका छन्।यस शीर्षकमा कर सङ्कलन गर्नका लागि रु.३ लाख वार्षिक रुपमा सङ्कलन गर्न बोलपत्र आव्हान गर्दा पनि कसैको पनि निवेदन

नपरेकोले, आगामी वर्षमा दर घटाएर रू.२ लाख ५० हजारमा पुनः बोलपत्र आव्हान गरी ठेक्का लगाउँन सकिने अनुमान गरिएको छ।

**सुझावहरू**

- आर्थिक ऐनमा जडीबुटी, कवाडी तथा जीवजन्तु कर अन्तर्गतका सबै शीर्षकका करका दरहरू समावेश गर्ने।
- कवाडी सामान कति परिमाणमा सङ्कलन हुन सक्छ भन्ने विषयमा तथ्याङ्क सङ्कलन गरी, यस करको सम्भाव्यता अध्ययन गरी ठेक्काको लागि न्यूनतम अङ्क कायम गरी आर्थिक ऐनमा पनि उल्लेख गर्ने।
- कर नतिरीकन कवाडी सामान निकासी हुने अवस्थालाई नियन्त्रण गरी आगामी बोल कबल अङ्क घटाएर ठेक्का आव्हान गर्ने।

## च) विज्ञापन कर

**विद्यमान अवस्थाः**

नगरपालिकाले आफ्नो क्षेत्रमा राखिएका विज्ञापन सामग्रीमा आर्थिक ऐनको दफा ८ बमोजिम कर लगाई असुल उपर गर्ने उल्लेख गरिएको छ।यसका दररेट अनुसूची ७ मा उल्लेख गरिएको छ।यस शीर्षकमा २०८२ साल श्रावण ६ गते कर सङ्कलनको लागि रु.२ लाख ६५ हजार(मू.अ.क.बाहेक) सङ्कलन हुने गरी वार्षिक १० प्रतिशतले वृद्धि हुने गरी ३ वर्षका लागि ठेक्का लागेको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकमा कुनै रकम सङ्कलन भएको थिएन।चालु आ.व.मा पनि यस शीर्षकमा अनुमान गरिएको तथा सङ्कलन भएको देखिदैन।

**सम्भाव्यताः**

विज्ञापन करमा वार्षिक १० प्रतिशतले वृद्धि हुने गरी ३ वर्षको लागि ठेक्का लागेकोले आगामी आगामी तीन वर्षको लागि प्राप्त हुने रकम ठेक्का अङ्क बमोजिम नै हुने अनुमान गरिएको छ।यस शीर्षकबाट प्राप्त रकम मध्ये ४० प्रतिशत हिस्सा कोशी प्रदेशको सञ्चित खातामा जम्मा गर्दा नगरपालिकाको भागमा उल्लेखित विज्ञापन सामग्रीबाट प्रदेशको ४० प्रतिशत हिस्सा कटाई वार्षिक रूपमा रु.१ लाख ५९ हजार सङ्कलन हुनेछ।

**सुझावहरू**

- नगरपालिकाभित्र रहेका सबै प्रकारका विज्ञापन सामग्रीहरूको लगत सङ्कलन गरी, तिनको आधारमा न्यूनतम ठेक्का अङ्क आर्थिक ऐनमा उल्लेख गर्ने।
- विज्ञापन कर निर्धारण गर्दा विज्ञापन सामग्रीको प्रकार (जस्तै बोर्ड, पोस्टर, डिजिटल स्क्रीन आदि) र आकारका आधारमा करका दर निर्धारण गर्ने।
- कुन÷कुन सामग्रीहरूलाई विज्ञापन करबाट छुट दिइने हो भन्ने कुरा आर्थिक ऐनमा स्पष्ट रूपमा उल्लेख गर्ने।
- बजेट अनुमान तयार गर्दा विज्ञापन कर शीर्षकलाई पनि समावेश गर्ने।
- बोलपत्र आव्हान गर्दा विज्ञापन सामग्रीहरूलाई अलग अलग शीर्षक बनाइ बोलपत्र आव्हान गर्दा उपयुक्त हुने।

## छ) साना सवारी साधन कर

**विद्यमान अवस्था**

विद्यमान व्यवस्थाअनुसार नगरपालिका क्षेत्रभित्र टाँगा, रिक्सा, अटोरिक्सा, ईरिक्साको दर्ता र नवीकरण बापत सवारी कर लगाउने अधिकार रहेको छ।सो व्यवस्थाअनुसार नगरपालिकाले आर्थिक ऐन, २०८२ को दफा ७ मा

गरेको छ।यसका दरहरू अनुसूची ६ मा उल्लेख गरिएको छ।अनुसूचीमा करका दरहरू उल्लेख गर्दा साना सवारी साधनको अलावा अन्य साधनको समेत उल्लेख गरिएको छ।जुन कानुन सम्मत देखिंदैन।

सवारी साधन कर तर्फ आ.व.२०८१/८२ मा रु.१००० रकम सङ्कलन भएको देखिन्छ।सफ्टवेयर प्रणालीबाट सङ्कलन गर्दा अर्कै शीर्षकमा काटिनु पर्ने रसिद यस शीर्षकमा काटिएको व्यहोरा राजस्व शाखामा छलफल गर्दा प्राप्त भएको छ।चालु आ.व.मा यस शीर्षकमा रु.६० हजार अनुमान गरिएकोमा मंसिर २ गतेसम्म सङ्कलन भएको देखिदैन।यो कर सङ्कलनको लागि कार्यविधि नबनाइएकोले सङ्कलन हुन नसकेको अवस्था छ।

**सम्भाव्यताः**

सरोकारवालाहरूसँगको छलफलको आधारमा नगरपालिका क्षेत्रमा सडक यातायातको विकास र विस्तारसँगै करिब १५० वटा अटोरिक्साहरू सञ्चालनमा रहेको अनुमान गरिएको छ।नगरपालिकाले प्रति अटोरिक्सा दर्ता तथा नवीकरण बापत रु.१५०० साना सवारी कर निर्धारण गर्दा यसबाट वार्षिक रु.२ लाख २५ हजार सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ।

**सुझावहरू**

- आर्थिक ऐनमा हाल उल्लेख गरिएका ठूला सवारी साधन सम्बन्धी प्रावधान हटाई, कानुनमा तोकिएको साना सवारी साधनका करका दरहरू मात्र उल्लेख गर्ने।
- नगरपालिका क्षेत्रमा रहेका साना सवारी साधनहरूको लगत सङ्कलन गरी अभिलेख व्यवस्थित बनाउने।

### ३.३.२ गैर कर राजस्व

#### क) ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

**विद्यमान अवस्था**

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ।स्थानीय सरकार सञ्चालन ऐनमा भएको यस संशोधनसँगै यस शीर्षकको राजस्व स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ।नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट सङ्कलित राजस्व मध्ये ६० प्रतिशत स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ।तर सोअनुसार ऐनमा संशोधन भई नसकेको अवस्था छ।

विद्यमान कानुनी व्यवस्थाअनुसार वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ को व्यवस्थाअनुसार संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको समेत व्यवस्था गरिएको छ र सोअनुसार अध्ययनको सिफारिसका आधारमा बिक्री दर निर्धारण गरी नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा, भरान बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकमा रु.१ करोड ६४ लाख १६ हजार ६ सय २४ सङ्कलन भएको देखिन्छ।चालु आ.व.मा यस शीर्षकमा रकम अनुमान नगरिएको र मंसिर २ गतेसम्म सङ्कलन नभएको देखिन्छ।

**सम्भाव्यताः**

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस नगरपालिकाका विभिन्न खोलाहरूका विभिन्न घाटहरूबाट जम्मा ६५८३८९६ घ.फिट नदीजन्य पदार्थ बिक्री गर्न सकिने देखिएको छ।यस परिमाणलाई प्रति घ.फुट रु.८ का दरले ठेक्का लगाई बिक्री गर्न सकेमा प्रदेश सरकारलाई ४० प्रतिशत बाँडफाँट गरी नगरपालिकाको भागमा रु.३ करोड १६ लाख २ हजार ७ सय १ सङ्कलन हुन सक्ने देखिन्छ।

**तालिका नं. २२:** ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री सम्बन्धी विवरण

| क्र.सं. | खोला तथा स्थान | वार्षिक उत्खनन् योग्य परिमाण (घ.मि) | वार्षिक उत्खनन् योग्य परिमाण (घ.फि) | बिक्री रकम प्रति घन फुट रु | सम्भाव्य बिक्री रकम (रु.) | बाँडफाँटबाट प्राप्त रकम रु (६० प्रतिशत) |
|---|---|---|---|---|---|---|
| **क)** | **प्रारम्भिक वातावरणीय परीक्षण भाग १** | | | | | |
| १ | घेर खोला वडा नं ५ | ३७५० | १३२४३० | ८ | १०५९४४१ | ६३५६६५ |
| २ | बडेरुवा खीला वडा नं ५ | ९६० | ३३९०२ | ८ | २७१२१७ | १६२७३० |
| ३ | त्रियुगा नदी ३ वडा नं ५ | ७२०० | २५४२६६ | ८ | २०३४१२७ | १२२०४७६ |
| ४ | त्रियुगा नदी २ वडा नं ९ | २९४० | १०३८२५ | ८ | ८३०६०२ | ४९८३६१ |
| ५ | त्रियुगा नदी १ वडा नं १० | ६००० | २११८८८ | ८ | १६९५१०६ | १०१७०६३ |
| ६ | त्रियुगा नदी ४ वडा नं ५ | १०००० | ३५३१४७ | ८ | २८२५१७६ | १६९५१०६ |
| **परीक्षण भाग १ को जम्मा** | | **३०८५०** | **१०८९४५८** | | **८७१५६६८** | **५२२९४०१** |
| **ख)** | **प्रारम्भिक वातावरणीय परीक्षण भाग २** | | | | | |
| १ | हडिया मुसरिया खोला १ वडा नं ९ | ६००० | २११८८८ | ८ | १६९५१०६ | १०१७०६३ |
| २ | हडिया मुसरिया खोला २ वडा नं ९ | ५७०० | २०१२९४ | ८ | १६१०३५० | ९६६२१० |
| ३ | देवधार खोला १ वडा नं १० | ५००० | १७६५७४ | ८ | १४१२५८८ | ८४७५५३ |
| ४ | देवधार खोला २ वडा नं १० | १४४० | ५०८५३ | ८ | ४०६८२५ | २४४०९५ |
| ५ | देवधार खोला ३ वडा नं १० | १८०० | ६३५६६ | ८ | ५०८५३२ | ३०५११९ |
| ६ | चप्लेटी माडिबास खोला १ वडा नं २ | ७००० | २४७२०३ | ८ | १९७७६२३ | ११८६५७४ |
| ७ | चप्लेटी माडिबास खोला २ वडा नं २ | ८१२५ | २८६९३२ | ८ | २२९५४५६ | १३७७२७३ |
| ८ | चप्लेटी माडिबास खोला ३ वडा नं २ | ९६०० | ३३९०२१ | ८ | २७१२१६९ | १६२७३०१ |
| | **परीक्षण भाग २ को जम्मा** | ४४६६५ | १५७७३३१ | | १२६१८६४९ | ७५७११८९ |
| **ग)** | **प्रारम्भिक वातावरणीय परीक्षण भाग ३** | | | | | |
| १ | सिंवाई खोला वडा नं ५ | ७२०० | २५४२६६ | ८ | २०३४१२७ | १२२०४७६ |
| २ | लामा खोला १ वडा नं २ र ४ | १८००० | ६३५६६५ | ८ | ५०८५३१७ | ३०५११९० |
| ३ | लामा खोला २ वडा नं २ | ११००० | ३८८४६२ | ८ | ३१०७६९४ | १८६४६१६ |
| | **परीक्षण भाग ३ को जम्मा** | ३६२०० | १२७८३९२ | | १०२२७१३७ | ६१३६२८२ |
| **घ)** | **प्रारम्भिक वातावरणीय परीक्षण भाग ४** | | | | | |
| १ | द्वार खोला १ वडा नं ७ | ९६०० | ३३९०२१ | ८ | २७१२१६९ | १६२७३०१ |

| क्र.सं. | खोला तथा स्थान | वार्षिक उत्खनन् योग्य परिमाण (घ.मि) | वार्षिक उत्खनन् योग्य परिमाण (घ.फि) | बिक्री रकम प्रति घन फुट रु | सम्भाव्य बिक्री रकम (रु.) | बाँडफाँटबाट प्राप्त रकम रु (६० प्रतिशत) |
|---|---|---|---|---|---|---|
| २ | द्वार खोला १ वडा नं ६ | १४४०० | ५०८५३२ | ८ | ४०६८२५३ | २४४०९५२ |
| ३ | द्वार खोला २ वडा नं ६ | १३२०० | ४६६१५४ | ८ | ३७२९२३२ | २२३७५३९ |
| | **परीक्षण भाग ४ को जम्मा** | ३७२०० | १३१३७०७ | | १०५०९६५५ | ६३०५७९३ |
| ङ) | **प्रारम्भिक वातावरणीय परीक्षण भाग ५** | | | | | |
| १ | द्वार खोला अप्राहा खोला वडा नं ८ | ८००० | २८२५१८ | ८ | २२६०१४१ | १३५६०८४ |
| २ | द्वार खोला २ वडा नं ७ | १२००० | ४२३७७६ | ८ | ३३९०२११ | २०३४१२७ |
| ३ | द्वार खोला वडा नं ५ | ५५२० | १९४९३७ | ८ | १५५९४९७ | ९३५६९८ |
| ४ | करम्जे खोला २ वडा नं ४ | ६००० | २११८८८ | ८ | १६९५१०६ | १०१७०६३ |
| ५ | करम्जे खोला २ वडा नं 5 | ६००० | २११८८८ | ८ | १६९५१०६ | १०१७०६३ |
| **परीक्षण भाग ५ को जम्मा** | | **३७५२०** | **१३२५००८** | | **१०६०००६०** | **६३६००३६** |
| | **कुल जम्मा** | **१८६४३५** | ६५८३८९६ | | **५२६७११६९** | **३१६०२७०१** |
| नोट:**१ घन मी = ३५.३१४७ घन फिट** | | | | | | |

**सुझावहरू**

- नदी र खानीबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गरी घाटगद्दी गरेर मात्र बिक्री गर्नुपर्ने व्यवस्था मिलाउने।
- ठेक्का अवधिपछि घाटगद्दीमा बाँकी सामान भए, त्यसको स्वामित्व नगरपालिकाको हुने व्यवस्था मिलाउने।
- ऐलानी जग्गा र दहत्तर÷बहत्तर क्षेत्रबाट उत्पादित काठ तथा दाउराको बिक्री दर आर्थिक ऐनमा समावेश गर्ने।
- ढुङ्गा, गिट्टी, बालुवा तथा माटोको उत्खनन स्थल पहिचान गरी, आर्थिक वर्ष सुरु हुनुअघि प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न गरीबिक्रीका लागि टेन्डर आह्वान गर्ने।
- यदि ढुङ्गा, गिट्टी, बालुवा वा माटो बिक्रीको ठेक्का नलागे सम्बन्धित वडा कार्यालयको समन्वयमा नगरपालिकाले आफैं अमानतमा बिक्री गर्ने व्यवस्था मिलाउने।
- नदीजन्य पदार्थको चोरी, निकासी तथा चुहावट नियन्त्रण गर्न अनुगमन प्रणाली स्थापना गर्न प्रहरी प्रशासनसँग समन्वय गर्ने।
- माटो र नदीजन्य पदार्थको उत्खनन, बिक्री र अनुगमन सम्बन्धी कार्यविधि तयार गरी लागु गर्ने।

## ख) बहाल बिटौरी शुल्क

**विद्यमान अवस्थाः**

नगरपालिका क्षेत्रभित्र सार्वजनिक, स्थानीय सरकारको नाममा रहेका ऐलानी जग्गा त्यस्तो जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनी स्थल र ती स्थानमा अस्थायी अनुमति लिएर राखिएका पसलमा बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिने व्यहोरा आर्थिक ऐनको दफा १० मा उल्लेख गरेको छ भने शुल्कको व्यवस्था अनुसूची ९ मा गरेको छ।यस शीर्षक अन्तर्गत शुल्क सङ्कलनको लागि ठेक्का लागि सकेको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु.२२ लाख ७० हजार ७ सय २२ शुल्क सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकबाट रु.३० लाख अनुमान गरिएको भएतापनि मंसिर २ गते सम्म रु.२४ लाख १८ हजार २ सय १० सङ्कलन भएको छ।

**सम्भाव्यताः**

यस नगरपालिकामा विभिन्न स्थानमा रहेका हाटबजारमध्ये ३ वटा वर्गमा विभाजन गरी ठेक्का लगाइएको छ।ती स्थानहरूमा ठेक्का लगाइ सकिएकोले जम्मा रू.२५ लाख २२ हजार १ सय ५७ सङ्कलन हुने अनुमान गरिएको छ।

**तालिका नं. २३:** बहाल बिटौरी शुल्क सम्बन्धी विवरण

| क्र. सं. | हाट बजारहरूको विवरण | कुल सङ्कलन सम्भावना वार्षिक (रु) | हालको अवस्था |
|---|---|---|---|
| १ | मवेशी पशुहटिया बेल्टार र वीरेन्द्र बजार लगायत सबै हाटबजार(गाई,गोरु,भैंसी,राँगा,पाडापाडी,बाच्छाबाच्छी समेत ) | १४०१७०० | ठेक्का लागेको |
| २ | बेल्टार र विरेन्द्र बजार लगाइत सबै हाटबजार(खसी, बोका, बाख्रा, पाठापाठी, भेंडा भेंडी, सुँगुर बंगुर) | ६६७५०७ | ठेक्का लागेको |
| ३ | कृषिजन्य वस्तु तथा जडीबुटी निकासी पैठारी बेल्टार बजार, विरेन्द्र बजार, शनिवारे बजार, रानीटार कृषि बजार, हडिया बजार र शिवाई बजार लगायत सबै हाटबजार | ४५२९५० | ठेक्का लागेको |
| | जम्मा | २५२२१५७ | |

**सुझावहरू**

- सार्वजनिक जग्गा उपयोग गरी व्यापार÷व्यवसाय गर्ने स्थानहरू र सार्वजनिक जग्गा उपभोग गरी बसोबास गरेका घरधनीहरूको अभिलेख तयार पार्ने।
- सार्वजनिक जग्गा उपभोग गरी बसोबास गर्ने व्यक्तिहरूलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउने कार्यविधि तर्जुमा गर्ने।
- आर्थिक ऐनमा उल्लेख गरिएको क्रेता र विक्रेता दुवैसँग शुल्क सङ्कलन गर्ने व्यवस्था हटाई, कानुनमा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क सङ्कलन गर्ने।
- कृषि चिस्यान केन्द्रलाई कार्यान्वयनमा ल्याएर आय आर्जन गर्नुपर्ने।

## ग) नक्सा पास दस्तुर

**विद्यमान अवस्था**

स्थानीय सरकारले आफ्नो क्षेत्र भित्र नयाँ घर तथा भवन निर्माण गर्दा बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ र स्थानीय सरकारले निर्माण गरेको भवन निर्माण मापदण्डअनुसार नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको छ।यो नियम लागु हुनु पूर्व निर्माण भएका भवनको अभिलेखीकरण बापत दस्तुर लिन सक्ने कानुनी व्यवस्था रहेको छ।यस नगरपालिकाको आर्थिक ऐनको २०८२ दफा १२ मा सेवा शुल्क दस्तुरभित्र नक्सा पास दस्तुर राखेको छ।यसको दर रेट अनुसूची ११ मा घरजग्गा दस्तुर अन्तर्गत राखिएको छ।चालु आ.व.को कार्तिक मसान्तसम्म यस नगरपालिकामा नक्सा पास भएका घरको सङ्ख्या २४४ रहेको छ।अभिलेखीकरण गरिएका घरको सङ्ख्या २४२ रहेको पाइन्छ।गत आ.व.मा नक्सा पासको लागि निवेदन दिने घरहरूको सङ्ख्या ३६ र अभिलेखीकरण गरिएका घरका सङ्ख्या २९ रहेको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकमा रु.१० लाख २७ हजार १ सय ७५ सङ्कलन भएको थियो।चालु आ.व.मा यस शीर्षकमा रु.२५ लाख अनुमान गरिएकोमा मंसिर मसान्तसम्म रु.२ लाख ५ हजार ७ सय ९ सङ्कलन भएको छ।

**सम्भाव्यताः**

आगामी आ.व.का लागि नयाँ बन्ने र अभिलेखीकरण गरी कुल ७० वटा घरहरू करको दायरामा आउने अनुमान गरिएको छ।तीमध्ये भवन निर्माण मापदण्ड २०७२ अनुसार बनेका ४० भवनबाट प्रति वर्ग फुट दर रु.७.५ र औसत १६०० वर्ग फुट क्षेत्रफलका आधारमा करिब रु.४,८०,००० राजस्व प्राप्त हुने देखिन्छ। यस्तै, अभिलेखीकरण गर्न पर्ने ३० भवनबाट सोही दर र औसत क्षेत्रफलका आधारमा रु.३,६०,००० उठ्ने अनुमान गरिएको छ।दुवै शीर्षक समेट्दा कुल सम्भाव्य राजस्व रु.८,४०,००० हुने देखिन्छ।यस सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. २४:** नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण

| भवनको किसिम र बनोट | आगामी आ.व.को अनुमान | दर प्रति वर्ग फिट (औसत) | औसत क्षेत्रफल वर्ग फिट | कुल सम्भाव्य रकम (रु.) |
|---|---|---|---|---|
| भवन निर्माण मापदण्ड २०७२ अनुसार बनेका घर | 40 | 7.5 | 1600 | 480000 |
| अभिलेखीकरण | 30 | 7.5 | 1600 | 360000 |
| जम्मा | 70 | | | 840000 |

**सुझावहरू**

- भवन निर्माण मापदण्ड बनाइ सो बमोजिम घर नक्सा पासलाई अनिवार्य गर्ने र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने।
- रकम अनुमान गर्दा विगतका वर्षहरूमा के कति सङ्कलन हुने गरेको छ र यस योजनामा तोकिएका क्रियाकलापले पार्ने प्रभावलाई मध्यनजर गरी तथ्याङ्कमा आधारित भएर गर्ने।

## घ) व्यवसाय रजिस्ट्रेसन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

### विद्यमान अवस्था

स्थानीय सरकारले एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नका लागि अनुमति दिन र सो बापत दस्तुर सङ्कलन गर्न सक्ने प्रावधान छ।नगरपालिकाले “घ” वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि निर्माण गरेको छ।यस नगरपालिकाको आर्थिक ऐनको २०८२ दफा ५ मा उल्लेख गरिएको छ भने करका दरहरू अनुसूची ४ मा दिइएको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु.४ लाख ७ हजार ३ सय ५१ सङ्कलन भएको थियो।चालु आ.व.मा यस शीर्षकमा रु.१५ लाख आय अनुमान गरिएकोमा मंसिर २ गते सम्म रु.७५ हजार ५ सय ५० आय सङ्कलन भएको देखिन्छ।

**सम्भाव्यताः**

नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, “घ” वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ सञ्चालन गर्न चाहनेलाई इजाजत दिने कानुनी व्यवस्था रहेको छ।यस अध्ययनको क्रममा गरिएको छलफलमा हाल १७२ वटा व्यावसायिक फर्महरू रहेको अनुमान गरिएको छ।त्यस्ता संस्थाहरूलाई दर्ता तथा अनुमति प्रदान गर्दा व्यवसाय रजिस्ट्रेसन दस्तुर सङ्कलनबाट रु.३ लाख ९६ हजार ५ सय सङ्कलन हुने सम्भावना देखिन्छ।

**तालिका नं. २५:** व्यवसाय रजिस्ट्रेसन दस्तुरको सम्भाव्यता विश्लेषण

| क्र.सं. | व्यवसायको प्रकार | सङ्ख्या | औसत दर | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | घ वर्गका निर्माण व्यवसाय | ६१ | ५००० | ३०५००० |
| २ | फार्मेसी | १६ | १५०० | २४००० |
| ३ | निजी विद्यालय, तालिम प्रदायक संस्था | ३० | १००० | ३०००० |
| ४ | स्थानीय व्यवसायिक फर्म | ५ | १५०० | ७५०० |
| ५ | सहकारी | ६० | ५०० | ३०००० |
| जम्मा | | १७२ | | ३९६५०० |

**सुझावहरू**

- एफएम, रेडियो, विद्यालय स्थापना, व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ, ढुङ्गा÷गिट्टी सर्वेक्षण, उत्खनन् लगायतका गतिविधि सञ्चालन गर्न अनुमति दिन र दस्तुर सङ्कलन गर्न सकिने व्यवस्था मिलाउने।
- आर्थिक ऐनमा यस शीर्षक अन्तर्गत पर्ने सबैको दर्ता, अनुमति र दस्तुर दर निर्धारण गरी दस्तुर सङ्कलन गर्ने ।
- यदि अनुमति नलिई सञ्चालन भएको पाइएमा दण्ड र जरिबानाको व्यवस्था गर्ने।
- आय अनुमान गर्दा विगतका वर्षहरूको प्रवृति र तथ्याङ्कको आधारमा गर्ने।
- सहकारी संस्थाहरूको नवीकरण शुल्क असुल गर्नुपर्ने।

## ङ) सम्पत्ति तथा आयस्रोत मूल्याङ्कन सेवा शुल्क (अन्य प्रशासनिक सेवा शुल्क)

**विद्यमान अवस्था**

नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा १२ मा सेवा शुल्क दस्तुर भित्र अनुसूची ११ मा उल्लेख भएअनुसार सम्पत्ति तथा आयस्रोत मूल्याङ्कन सेवा शुल्क लगाउने र असुल उपर गरिने उल्लेख गरिएको छ।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट रु.१० लाख ३३ हजार ६ सय ८७ सङ्कलन भएको थियो।चालु आ.व.मा यस शीर्षकमा रु.६ लाख ६४ हजार अनुमान गरिएकोमा मंसिर २ सम्म रु.२ लाख ३ हजार रुपैया सङ्कलन भएको देखिन्छ।

**सम्भाव्यताः**

नगरपालिकाले प्रदान गर्ने घरजग्गा लगायत सम्पत्तिको मूल्याङ्कन र आयस्रोत मूल्याङ्कन सम्बन्धी सेवा दिए वापत लिने सेवा शुल्क गत आ.व.को आधारमा अनुमान गर्दा आगामी आ.व.मा सम्पत्ति तथा मूल्याङ्कन सेवा शुल्कबाट करिब रु.१० लाख सेवा शुल्क सङ्कलन हुने अनुमान गरिएको छ।

**सुझावहरू**

- यस शीर्षकअन्तर्गत सङ्कलन भएको रकम पनि सोही शीर्षकमा राख्ने।
- आर्थिक ऐनमा सम्पत्ति मूल्याङ्कनका दरहरू स्पष्ट रूपमा उल्लेख गरी, सो शीर्षक अन्तर्गत सङ्कलनको व्यवस्थित व्यवस्था मिलाउने।

## च) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**विद्यमान अवस्था**

स्थानीय सरकारले आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, औजार तथा अन्य उपकरणहरू जस्ता सरकारी सम्पत्तिहरू बहालमा लगाउने र भाडा उठाउने अधिकार भएतापनि यस सम्बन्धी कुनैपनि व्यवस्था नगरपालिकाको आर्थिक ऐन २०८२ मा अलग्गै शीर्षकमा उल्लेख गरेको छैन।

आ.व.२०८१/८२ मा यस शीर्षकबाट कुनैपनि रकम सङ्कलन भएको थिएन।चालु आ.व.मा पनि यस शीर्षकमा रकम अनुमान तथा सङ्कलन भएको देखिदैन।

**सम्भाव्यताः**

यस नगरपालिकाको स्वामित्वमा रहेका एम्बुलेन्स, सक्सन गाडी, पानी ट्याङ्कर, सिटी हर नगर सभा हलर ब्याकहो लोडर भाडामा लगाउँदा वार्षिक रु.१८ लाख ५८ हजार सङ्कलन हुने अनुमान गरिएको छ।यस सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. २६:** सरकारी सम्पत्तिको बहालबाट प्राप्त आयको सम्भाव्यता विश्लेषण

| क्र.स. | बहालमा लगाइएको सम्पत्तिको विवरण | परिमाण | मासिक सङ्कलन | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | एम्बुलेन्स सञ्चालन | ८ | - | ८००००० |
| २ | सक्सन गाडी | १ | - | ४००००० |
| ३ | पानी ट्याङ्कर | १ | - | १३०००० |
| ४ | सिटी हल | १ | २००० | २४००० |
| ५ | नगर सभा हल | १ | २००० | २४००० |
| ६ | ब्याकहो लोडर | १ | ४०००० | ४८०००० |
| | जम्मा | | | १८५८००० |

**सुझावहरू**

- नगरपालिका क्षेत्रभित्र सबै वडामा रहेका नगरपालिकाको स्वामित्व र हकभोगमा रहेका जग्गा तथा संरचनाहरूको उपयोग अवस्था समेत समेट्दै अभिलेख अद्यावधिक गर्ने।
- नगरपालिका लगानीको केही अंश दीर्घकालीन आय आर्जन गर्न सक्ने क्षेत्रहरू (जस्तै तरकारी तथा फलफुल बजार, पार्किङ स्थल, मनोरञ्जन क्षेत्र, शपिङ्ग कम्प्लेक्स) मा लगानी गर्ने नीति तयार गरी कार्यान्वयन गर्ने।
- न्यूनतम भाडा दर र बहाल मूल्य आर्थिक ऐनमा उल्लेख गरिनेछ।समयमा भुक्तानी गर्नेहरूलाई छुट, ढिलो बुझाउनेहरूलाई जरिबाना दिने व्यवस्था समेत समावेश गर्ने।
- यस शीर्षकमा सङ्कलन भएको रकम सोही शीर्षकमा प्रविष्ट गर्ने।

## छ) सिफारिस तथा प्रमाणित दस्तुर

**विद्यमान अवस्थाः**

नगरपालिकाले कानुन बमोजिम सिफारिस तथा प्रमाणित दस्तुर लिन पाउने व्यवस्था गरेको छ।सोहीअनुसार नगरपालिकाले आर्थिक ऐन २०८२ दफा १२ को अनुसूची ११ मा यसका दर निर्धारण गरेको छ।

आ.व.२०८१/८२ मा यस सिफारिस दस्तरमा रु.२३ लाख १४ हजार ८ सय ११ सङ्कलन भएको थियो। नाता प्रमाणित दस्तुरमा रु.३ लाख ३ हजार ३ हजार ५ सय ५० सय सङ्कलन भएको थियो।व्यक्तिगत घटना दस्तुरबाट रु.८ लाख ३२ हजार २ सय ५०, अन्य दस्तुरबाट रु.४ लाख ५४ हजार ८ सय सङ्कलन भएको थियो।

**सम्भाव्यताः**

नगर कार्यपालिका कार्यालय र १० वटा वडा कार्यालयहरूबाट वार्षिक रूपमा हुने सिफारिस घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर र अन्य दस्तुर गरी जम्मा २४८५० वटा रसिद काटिने अनुमान गरिएको छ। शीर्षकगत रूपमा भन्दा सिफारिस बापत रु.४५ लाख, व्यक्तिगत घटना दस्तुरबाट रु.८ लाख ७० हजार, नाता प्रमाणित दस्तुर रु.५ लाख र अन्य दस्तुरबाट रु.८ लाख २५ हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

**तालिका नं. २७:** सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण

| क्र.सं. | सिफारिस प्रमाणीकरणको विवरण | आगामी आ.व.को अनुमान | औसत दर (रु.प्रति शिफारिस) | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | सिफारिस दस्तुर | १८००० | २५० | ४५००००० |
| २ | घटना दर्ता दस्तुर | ४३५० | २०० | ८७०००० |
| ३ | नाता प्रमाणित दस्तुर | १००० | ५०० | ५००००० |
| ४ | अन्य दस्तुर | १५०० | ५५० | ८२५००० |
| **जम्मा** | | २४८५० | | **६६९५०००** |

**सुझावहरू**

- शुल्क निर्धारण गर्दा सेवाको लागत, जनताको सामर्थ्य र अन्य स्थानीय तहले लगाएको दरसँग तालमेल हुँने गरी कायम गर्ने।

## ज) फोहरमैला व्यवस्थापन शुल्क

**विद्यमान अवस्थाः**

नगरपालिकाले फोहोरमैला सङ्कलन तथा व्यवस्थापन सेवा दिए वापत शुल्क लिन सक्ने कानुनी व्यवस्था रहेको छ।आर्थिक ऐन २०८२ को दफा १२ को अनुसूची ११ मा यसका दर निर्धारण गरेको छ।फोहरमैला व्यवस्थापनका लागि बोलपत्र आव्हान गर्दा कसैको पनि निवेदन नपरेकोले ठेक्का सम्झौता हुन नसकेको अवस्था छ।

आर्थिक वर्ष २०८१/८२ मा फोहरमैला व्यवस्थापन शुल्क शीर्षकमा रकम सङ्कलन भएको देखिदैन।चालु आ.व.मा पनि यस शीर्षकमा रकम अनुमान नगरिएको र मंसिर २ गतेसम्म कुनै पनि रकम सङ्कलन हुन सकेको छैन।

**सम्भाव्यताः**

आ.व.२०८१/८२ मा सरसफाइ सेवा शुल्कमा रू.३ लाख (मूल्य अभिवृद्धि करसहित) मा ठेक्का आह्वान गर्दा कुनै बोलपत्र प्राप्त नभएकाले सम्बन्धित पक्षसँग छलफल गरी पुनः सोही रकम रू.३ लाखमै ठेक्का प्रक्रिया अगाडि बढाइ यस शीर्षकबाट रु.३ लाख आम्दानी हुने देखिन्छ।

**सुझावहरू**

- फोहरमैलाको दीगो रूपमा व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइटको व्यवस्था गर्नुपर्ने।
- फोहरलाई स्रोतमै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इवेष्ट लगायतका फोहर वर्गीकरण गरी नकुहिने तथा पून प्रयोग नहुने फोहरको मात्र व्यवस्थापन कार्य गर्नुपर्ने।
- यसको व्यवस्थापनको लागि सरोकारवालासँग व्यापक छलफल गरी ठेक्का लगाउने।
- ठेक्का नलागेमा हकमा सम्पत्ति करसँग एकीकृत गरी सङ्कलन गर्ने।

# परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

## ४.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

नगरपालिकाले राजस्व परिचालनको अवस्थामा सुधार ल्याउनका लागि तपसिलमा उल्लेखित नीतिहरू अवलम्बन गर्नुपर्ने देखिन्छः

१) तोकिएको समयसिमा भन्दा ढिलो कर तिर्ने करदातालाई जरिबाना तथा छिटो तिर्ने करदातालाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

२) विज्ञापन कर सम्बन्धी सम्भाव्यता अध्ययन गरी ठेक्का लगाउनका लागि न्यूनतम अङ्क कायम गरिनेछ।

३) जडीबुटी, कवाडी र जीवजन्तु कर सम्बन्धी सम्भाव्यता अध्ययन गरी न्यूनतम ठेक्का अङ्क कायम गरिनेछ।

४) साना सवारी साधनको लगत सङ्कलन गरी करको दायरामा ल्याइनेछ।

५) विभिन्न कर दस्तुरहरूको बारेमा स्थानीय सञ्चार माध्यममार्फत प्रचार प्रसार गर्ने गरिनेछ।

६) नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू र बजार क्षेत्रमा करबाट सङ्कलन भएको रकम खर्च हुने शीर्षक समावेश गरी फ्लेक्स प्रिन्ट बनाई टाँसिनेछ।

७) आम्दानी र खर्च (विशेष गरी आन्तरिक राजस्व तथा त्यसको उपयोग) नियमित रूपमा सार्वजनिक गरिनेछ।

८) कर सङ्कलनमा हुन सक्ने चुहावटलाई ध्यानमा राखी अनुगमनलाई थप प्रभावकारी बनाइने छ।

९) राजस्व शाखामा कार्यरत कर्मचारीहरू र वडा सचिवहरूलाई राजस्व सङ्केतअनुसार राजस्व सङ्कलन गर्न आवश्यक तालिम उपलब्ध गराइनेछ।

१०) राजस्व परिचालनका लागि करका दरहरू भन्दा दायरा फराकिलो पारी नयाँ आम्दानीका स्रोतहरू पहिचान गरिनेछ।

११) करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउँदै प्रगतिशील, समन्यायिक, पारदर्शी र व्यवसायीमैत्री राजस्व प्रणालीको विकास गरिनेछ।

## ४.२ राजस्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान

यस अध्ययनको क्रममा सङ्कलन गरिएका तथ्याङ्क एवं सूचनाको अध्ययन तथा विश्लेषण र छलफल कार्यक्रमबाट प्राप्त सुझावको आधारमा पहिचान भएका यस नगरपालिकाको राजस्व सुधारका लागि गर्नुपर्ने प्रमुख कार्यहरू सुझावको रूपमा देहायअनुसार प्रस्तुत गरिएको छः

- सबै प्रकारका करदातालाई नगरपालिकाको कार्यालयमा दर्ता गराउने।
- करदाताले वार्षिक रूपमा तिर्नुपर्ने राजस्व रकम एस एम एस मार्फत जानकारी गराउने पद्धतिको विकास गर्ने।
- राजस्व शाखालाई सबल बनाई राजस्व तिरे नतिरेको यकिन गरी नतिरेको भए फोनबाट जानकारी गराउने।
- राजस्वका सबै शीर्षकहरू समावेश गरी सबै शीर्षकमा दायरा अभिवृद्धि गर्ने र करदाताहरूलाई राजस्व सम्बन्धी जानकारी गराउने।
- करदातालाई कर तिर्नु हाम्रो दायित्व हो भन्ने बोध गराइ कर समयमै तिर्नेलाई पुरस्कार र नतिर्नेलाई जरिबानाको व्यवस्था गर्ने।

- वडा कार्यालयको क्षमता अभिवृद्धि गर्ने र वडा कार्यालयले करदाताको अभिलेख चुस्त दुरुस्त राख्ने।
- बैङ्क मार्फत कर सङ्कलनको व्यवस्था मिलाउन सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गर्ने।
- आर्थिक ऐन स्थानीय राजपत्रमा प्रकाशित गरी वेवसाइटमा पनि अपलोड गर्ने।

## ४.३ आय सङ्कलनको संस्थागत क्षमता

### क) कार्यकक्ष तथा कार्य स्थलको प्रर्याप्तता

यस नगरपालिकाको राजस्व शाखा छुट्टै रूपमा व्यवस्था भएकाले कार्य सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार तथा वातावरण पर्याप्त छ।दैनिक सेवा,अभिलेख व्यवस्थापन र कर सङ्कलन सहज रूपमा अघि बढ्ने संरचना उपलब्ध रहेको छ।छुट्टै कोठा भएकाले सेवाग्राही आवागमन, गोपनीयता र कार्य क्षमतामा समेत सकारात्मक प्रभाव परेको छ।आगामी दिनमा प्रविधिमैत्री प्रणाली र अभिलेख डिजिटलाइजेशनले शाखाको कार्य दक्षता झन् बढाउने देखिन्छ।

### ख) फर्निचर, कम्प्यूटर, प्रिन्टर, यातायातका साधन तथा अन्य भौतिक सुविधाहरू

यस शाखामा आवश्यक उपकरण तथा सवारी सुविधाको आधारभूत व्यवस्था भएको देखिन्छ।शाखामा ३ वटा कम्प्युटर, ३ वटा प्रिन्टर,१ वटा स्क्यानर तथा ३ वटा टेबल र ३ वटा दराजको व्यवस्था गरिएकाले नियमित कार्य, अभिलेख व्यवस्थापन र कर सङ्कलन प्रक्रियामा सुविधा पुगेको छ।साथै, फिल्ड कार्यका लागि कर्मचारीलाई १ वटा मोटरसाइकल उपलब्ध गराइएको छ र मासिक १० लिटर इन्धन उपलब्ध हुँदै आएको छ।फिल्डमा जानु परेको अवस्थामा वा अतिरिक्त आवश्यकता परेमा थप इन्धन उपलब्ध गराउने व्यवस्था भएकाले बाहिरी अनुगमन तथा कर सङ्कलन कार्यहरू समयमै र प्रभावकारी रूपमा सम्पन्न गर्न सहयोग मिलेको छ।

### ग) राजस्व परिचालन सम्बन्धी प्रक्रियागत र प्रशासनिक व्यवस्था

सङ्गठन संरचनामा राजस्व शाखाको स्थापना गरी राजस्व परिचालनसँग सम्बन्धित सम्पूर्ण कार्यहरू उक्त शाखा मार्फत् हुँदै आईरहेको छ।स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजस्व परिचालनको प्रशासनिक व्यवस्था देहायअनुसार रहेको छः

- यस शाखामा एकजना पाँचौं तह र १ जना चौथो तहको कर्मचारीलाई राजस्व शाखामा खटाइएको छ।उक्त शाखाका कर्मचारीले गर्नुपर्ने कामहरूको कार्यविवरण लिखित रुपमा दिइएको छैन।
- यस शाखामा विगतका आ.व.मा सङ्कलन भएका राजस्व सम्बन्धी तथ्याङ्क, विभिन्न आर्थिक वर्षहरूको राजस्व बजेट, विभिन्न ठेक्का प्रक्रियाका दस्ताबेजहरू, राजस्व परिचालनसँग सम्बन्धित ऐन, कानुन तथा कार्यविधिहरू जस्ता आवश्यक तथ्याङ्क तथा दस्ताबेजहरू व्यवस्थित रूपमा राखिएको छ।
- नगरपालिकाको राजस्व शाखा तथा १० वटै वडा कार्यालयहरूमा कम्प्युटरमा शुत्र सफ्टवेयर जडान गरी रसिद काटिँदै आएको छ।
- राजस्व सङ्कलनका लागि सफ्टवेयर सञ्चालन सम्बन्धी वडा कार्यालयका सम्बन्धित कर्मचारीहरू तथा राजस्व शाखाका कर्मचारीहरूलाई राजस्व सम्बन्धी ज्ञानको कमी रहेको देखिन्छ।
- सफ्टवेयरमा राजस्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षकअनुसार पुरा नभएकाले सङ्कलन गरिएको रकम राजस्वका शीर्षकहरू नमिल्दा अन्य कर शीर्षकमा प्रविष्ट हुने गरेको छ।

नगर कार्यपालिका कार्यालयबाट देहायका शीर्षकमा राजस्व सङ्कलन हुने गरेको छः

- ठेक्का बन्दोवस्त भई सङ्कलन हुने आय
- नक्सा पास दस्तुर

- बोलपत्र बिक्री
- घ वर्गको निर्माण व्यवसाय इजाजत दस्तुर
- स्कुलको सिफारिस तथा अनुमति दस्तुर
- वडा कार्यालयबाट सङ्कलन गर्न नमिल्ने विविध सिफारिस दस्तुरहरू
- दण्ड तथा जरिबाना आदि।

माथि उल्लेखित बाहेकका निम्नलिखित राजस्व वडा कार्यालयले नै सङ्कलन गर्ने गरेको छः

मालपोत
घटना दर्ता विलम्ब दस्तुर
चार किल्ला प्रमाणित
घरबाटो सिफारिस
जग्गा नामसारी सिफारिस
जाति सिफारिस
आय स्रोत प्रमाणित
कर चुक्ता सिफारिस
नाता प्रमाणित दस्तुर
विद्युत् जडान तथा नामसारी सिफारिस
नक्सा पास सिफारिस
कृषि फर्म सिफारिस
व्यवसाय कर
घरजग्गा बहाल कर
डण्ड जरिबाना आदि।

- राजस्वको अनुमान र यथार्थ सङ्कलन बिचको तालमेल मिलेको देखिदैन।कुनै शीर्षकमा अनुमान भन्दा कम छ भने कुनैमा अनुमान भन्दा निकै बढी सङ्कलन भएको देखिएकोले तथ्याङ्कमा आधारित भएर अनुमान गर्नुपर्ने देखिन्छ।
- घरले चर्चेको नम्बरी जग्गामा सम्पत्ति कर र त्यसभन्दा बाहेकको जग्गामा मालपोत कर र ऐलानी जग्गा तथा त्यस जग्गामा बनेको घरमा बहाल बिटौरी शुल्क लिनुपर्ने।
- सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई आवश्यक परिमार्जन गरी लागु गर्नुपर्ने।
- नगरपालिकाले राजस्व परिचालनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ राजस्व शाखा र १० वटै वडामा राजस्व सङ्कलन सफ्टवेयरको प्रयोग गरिएको।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था भएकोले सो बमोजिम वडाबाट सङ्कलन भएको रकम सकेसम्म दैनिक कुनै कारणवस नभ्याए त्यसको भोलिपल्ट बैंकमा जम्मा गर्नुपर्ने व्यवस्था गर्नुपर्ने।

## घ) राजस्व सम्बन्धी डाटावेस, राजस्व प्रशासनमा सफ्टवेयर र सोको प्रयोग

राजस्व सङ्कलनका लागि शुत्र सफ्टवेयरको प्रयोग गरिएको छ।यस सफ्टवेयरमा आर्थिक ऐनमा व्यवस्था गरिएका करका शीर्षक तथा दरहरू प्रविष्ट गरिएका छन्।एक पटक सेवा लिएपछि सेवाग्राहीको विवरण यस सफ्टवेयरमा प्रविष्ट गरिएको छ।कुनै सेवाग्राहीको नामबाट खोजी गरेपछि नीजले तिर्नुपर्ने राजस्व रकम देखा पर्दछ र कम्प्युटर विलिङ्ग प्रणालीबाट रसिद उपलब्ध गराइन्छ।

## ङ) कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग

आर्थिक ऐनमा उल्लेख गरिएका विभिन्न कर तथा गैर÷करका दरहरू सम्बन्धित सफ्टवेयरमा व्यवस्थित रूपमा सेट गरिएको छ।कुनै शीर्षकअन्तर्गत राजस्व प्रविष्टि गर्नासाथ प्रणालीले स्वचालित रूपमा तिर्नुपर्ने शुल्क देखाइदिने भएकाले राजस्व निर्धारण र सङ्कलन प्रक्रिया थप छरितो र पारदर्शी बनेको छ।सबै वडामा यस प्रकारको सफ्टवेयर सञ्चालनमा रहेकाले वडास्तरमै राजस्व अभिलेखन र सङ्कलन व्यवस्थित रूपमा हुँदै आएको छ।वडाबाट सङ्कलन नगरिने घर नक्सापास तथा घ वर्गका इजाजतपत्र भने नगरपालिकाको राजस्व शाखामार्फत मात्रै सङ्कलन गरिने व्यवस्था छ।

### च) नगरपालिकाको आन्तरिक आय परिचालन

नगरपालिकाको विगत तीन आर्थिक वर्षको यथार्थ आन्तरिक तथा वाह्य आय, चालु आ.व.२०८२/८३ को अनुमान र मंसिर २ गते सम्मको सङ्कलित आयलाई तुलनात्मक रूपमा तलको तालिकामा देखाइएको छ। गत ३ आ.व.को यथार्थ आयलाई कम्प्युटरको एक्सलमा प्रविष्ट गरी LOGEST फर्मुलाको प्रयोगबाट वृद्धिदर पत्ता लगाइएको छ।यसबाट नगरपालिकाको आय सङ्कलनको प्रवृति पत्ता लगाइएको छ।

## ४.४ आन्तरिक राजस्व संरचनाको अवस्था

नगरपालिकाको विगत ३ आ.व.को आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त यथार्थ आय तथा वित्तीय हस्तान्तरणबाट प्राप्त हुँने आय र चालु आ.व.को अनुमान र मसिर २ सम्मसम्मको आयको शारांश तलको तालिकामा देखाइएको छ।

**तालिका नं. २८:** विगतको तीन आ.व.को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था

| क्र.सं. | विवरण | २०७९ /८० यथार्थ | २०८०/८१ यथार्थ | २०८१/८२ यथार्थ | वृद्धि दर | २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर २ गतेसम्मको आय |
| क | कर तथा गैर कर राजस्व | २८,१९३ | ३३,१७९ | ३०,४२२ | ४ | ४२,४४१ | ९,७५३ |
| १ | कर | ५,४६९ | ६,८५२ | ९,९१५ | ३५ | १२,९६० | ५,२४३ |
| ११३१३ | सम्पत्ति कर | २,३७८ | ३,६४४ | ४३०८ | ३५ | ४,५०० | १,६१९ |
| ११३१४ | भूमिकर (मालपोत) | ७७ | १६ | ५३ | -१७ | ५०० | १ |
| ११३२१ | घर बहाल कर | ८४९ | १,००४ | १,८९७ | ४९ | ८०० | ५८१ |
| ११३२२ | बहाल बिटौरी शुल्क | २१६५ | २००२ | २२७१ | २ | ३००० | २४१८ |
| ११४५१ | सवारी साधन कर | ० | ० | १ | ० | ६० | ० |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ० | ० | ० | ० | ० |
| १४६११ | व्यवसाय कर | ० | ० | ९३७ | ० | ३,००० | ५३४ |
| ११६३१ | कृषि जन्य वस्तुको व्यवसायिक कारोबार | ० | ० | ० | | ५० | ० |
| ११६३२ | जडीबुटी कवाडी तथा जीवजन्तु कर | ० | ० | ० | ० | ३०० | ० |
| ११६९१ | अन्य कर | ० | १८६ | ४४८ | ० | ७५० | ९० |
| २ | गैर कर | २२,७२४ | २६,३२७ | २०,५०७ | -५ | २९,४८१ | ४,५१० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ० | ० | ० | ० | ० | ० |
| १४१५७ | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | १५,६१३ | १८८५४ | ९८५० | -२१ | १६१०१ | ० |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | | | ९ | | ११ | ० |

| क्र.सं. | विवरण | २०७९ /८० यथार्थ | २०८०/८१ यथार्थ | २०८१/८२ यथार्थ | वृद्धि दर | २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर २ गतेसम्मको आय |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | ० | ८०० | ५२० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | १०२ | १६९९ | ० | ५०० | ० |
| १४२१६ | निजी धारा वापतको महशुल | ० | ० | ० | ० | ० | ० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | २७४ | ८०५ | १ | -९४ | ५०० | ० |
| १४२१९ | फोहरमैला व्यवस्थापन सेवा शुल्क | ० | ० | ० | ० | ० | ० |
| १४२२१ | न्यायिक दस्तुर | २ | ९ | ६ | ७३ | ५ | १३ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | | ० | ० | ० |
| १४२२४ | परिक्षा शुल्क | | | २६ | | २० | ३० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (सम्पत्ति मूल्याङ्कन सेवा शुल्क आदि) | ५१६ | ९७८ | १०३४ | ४२ | ६६४ | २०३ |
| १४२४१ | पार्किङ शुल्क | ० | ० | ० | ० | १५० | ० |
| १४२४२ | नक्सापास दस्तुर | ६५३ | ८११ | १,०२७ | २५ | २,५०० | २०६ |
| १४२४३ | सिफारिस दस्तुर | ० | २,९१० | २,३१५ | ० | २,५०० | ६४३ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २४१ | ४८४ | ८३२ | ८६ | ५०० | २१० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २२१ | २३१ | ३०४ | १७ | ३०० | ७८ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ० | ६४७ | ४५५ | ० | १५०० | २५५ |
| १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | २८५ | ६८ | ४०७ | २० | १५०० | ७६ |
| १४२६२ | विद्युत सम्बन्धी दस्तुर | | | | | १०० | ० |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | | | | | ८० | ० |
| १४२६५ | अन्य क्षेत्रको आय | | | | | ८०० | ५२० |
| १४२९१ | पर्यटन शुल्क | ० | ० | ० | ० | १५० | ० |
| १४३११ | न्यायिक दण्ड, जरिबाना र जफत | ० | ३१ | १२ | ० | १०० | ० |

| क्र.सं. | विवरण | २०७९ /८० यथार्थ | २०८०/८१ यथार्थ | २०८१/८२ यथार्थ | वृद्धि दर | २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर २ गतेसम्मको आय |
| १४३१२ | प्रशासनिक दण्ड, जरिबाना र जफत | ० | ० | २,५३० | ० | ६०० | १७०६ |
| १४५२९ | अन्य राजस्व | ४,९१९ | ३९७ | १७०० | -४१ | १०० | ५० |
| **ख.** | राजस्व बाँडफाँट | **९९,६७६** | **१,०६,५१६** | **१,५९,७३४** | **२७** | **१,७६,०४४** | **६८,३७२** |
| ***ख.१*** | नेपाल सरकार | **७४,२२४** | **७९,०६४** | **१,३०,०६७** | **३२** | **१,५६,१४८** | **६३,२८०** |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ० | ० | १२१० | ० | २००० | ० |
| १४१५५ | बाँडफाँटबाट प्राप्त हुने जलस्रोत रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| १४१५६ | बाँडफाँटबाट प्राप्त हुने अन्य रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| १४४११ | बाँडफाँट भई प्राप्त हुने मू.अ.कर | ७४,२२४ | ७९,०६४ | ९०,००२ | १० | १,१५,६११ | ४५,६३३ |
| १४४२१ | बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क | ० | ० | ३८,८५५ | ० | ३८५३७ | १७६४७ |
| ***ख.२*** | प्रदेश सरकार | **२५,४५२** | **२७,४५२** | **२९,६६७** | **८** | **१९,८९६** | **५,०९२** |
| ११३१५ | घरजग्गा रजिस्ट्रेसन दस्तुर | ९,३५४ | ९,८६१ | १०,९८६ | ८ | ७,००० | १,४७९ |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १५९३० | १७,५९१ | १८,६८१ | ८ | १२,८९६ | ३,६१३ |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | १६८ | ० | ० | ० | ० | ० |
| **ग.** | अनुदान तथा वित्तीय हस्तान्तरण | **५,२४,९९५** | **४,८३,०१३** | **५,१५,६८६** | **-१** | **५,९५,४२८** | **१,७४,५९९** |
| ***ग.१*** | नेपाल सरकार | **५,०२,७७०** | **४,५७,५०२** | **४,८३,६३३** | **-२** | **५,५१,३००** | **१,६६,३८१** |
| १३३११ | समानीकरण अनुदान | १,४८,००० | १,२८,३४० | १,२९,८४० | -६ | १,४४,४०० | ३६,०६१ |
| १३३१२ | सशर्त अनुदान चालु | २,९१,८७८ | ३,०३,९९५ | ३,१०,२८० | ३ | ३,३६,३०० | १,१०,९१६ |
| १३३१३ | सशर्त अनुदान पुँजीगत | ३६०६४ | २०२१७ | ३७,५८७ | २ | ६०,६०० | १९,४०४ |
| १३३१४ | विशेष अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पुँजीगत | १५२८४ | ३९८० | ० | ० | ० | ० |

| क्र.सं. | विवरण | २०७९ /८० यथार्थ | २०८०/८१ यथार्थ | २०८१/८२ यथार्थ | वृद्धि दर | २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | मंसिर २ गतेसम्मको आय |
| १३३१६ | समपूरक अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१७ | समपूरक अनुदान पुँजीगत | ११५४४ | ९७० | ५,९२६ | -२८ | १०,००० | ० |
| १३३१९ | अन्य अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० |
| ग.२ | प्रदेश सरकार | २२,२२५ | २५,०१६ | ३२,०५३ | २० | ४४,१२८ | ८,२१८ |
| १३३११ | समानीकरण अनुदान | ७,६७३ | ८,७८९ | ८,८८७ | ८ | १३,३१२ | ३,३२८ |
| १३३१२ | सशर्त अनुदान चालु | १,२४१ | ३,९५६ | ३,२८५ | ६३ | ३,९२० | १,२९४ |
| १३३१३ | सशर्त अनुदान पुँजीगत | ७६५८ | ४७३८ | ११,५४३ | २३ | १०८९६ | ३५९६ |
| १३३१४ | विशेष अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पुँजीगत | ५,६५३ | | ० | ० | ८००० | ० |
| १३३१६ | समपूरक अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१७ | समपूरक अनुदान पुँजीगत | ० | ७,५३३ | ८,३३८ | ० | ८००० | ० |
| १३३१८ | अन्य अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० |
| ग.३ | अन्य आन्तरिक अनुदान | ० | ४९५ | ० | ० | ० | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ४९५ | ० | ० | ० | ० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | ० | ० | ० | ० | ० | ० |
| **कुल जम्मा** | | ६,५२,८६४ | ६,२२,७०८ | ७,०५,८४२ | ४ | ८,१३,९१३ | २,५२,७२४ |

## ४.५ आन्तरिक राजस्व संरचनाको अवस्था

नगरपालिकाको विगत ३ आ.व.को आन्तरिक आय,राजस्व बाँडफाँटबाट प्राप्त यथार्थ आय तथा वित्तीय हस्तान्तरणबाट प्राप्त हुँने आय र चालु आ.व.को अनुमान र मंसिर २ गते सम्मको आयको शारांश तलको तालिकामा देखाइएको छ।

**तालिका नं. २९:** कुल राजस्वमा शीर्षकगत योगदान (रु.हजारमा)

| आय शीर्षक | २०७९/८० को यथार्थ आय | २०८०/८१ को यथार्थ आय | २०८१/८२ को यथार्थ आय | वृद्धि दर | आ.व.२०८२/८३ को अनुमान तथा प्राप्ति | |
|---|---|---|---|---|---|---|
| | | | | | अनुमान | मंसिर २ गतेसम्मको आय |
| आन्तरिक आय | **28,193** | **33,179** | **30,422** | **4** | **42,441** | **9,753** |
| राजस्व बाँडफाँट | **99,676** | **1,06,516** | **1,59,734** | **27** | **1,76,044** | **68,372** |

| आय शीर्षक | २०७९/८० को यथार्थ आय | २०८०/८१ को यथार्थ आय | २०८१/८२ को यथार्थ आय | वृद्धि दर | आ.व.२०८२/८३ को अनुमान तथा प्राप्ति | |
|---|---|---|---|---|---|---|
| | | | | | अनुमान | मंसिर २ गतेसम्मको आय |
| अनुदान | ५,२४,९९५ | ४,८३,०१३ | ५,१५,६८६ | -१ | ५,९५,४२८ | १,७४,५९९ |
| कुल आय | ६,५२,८६४ | ६,२२,७०८ | ७,०५,८४२ | ४ | ८,१३,९१३ | २,५२,७२४ |

## ४.६ राजस्व परिचालनमा रहेका सवालहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ तथा नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेख गरिएका एकल तथा साझा अधिकार सम्बन्धी व्यवस्थाको विपरीत बनेका मापदण्ड तथा ऐनमा गरिएका राजस्व परिचालन सम्बन्धी सवालहरू तपसिल बमोजिम रहेका छन्।

### १) घर जग्गा बहाल करः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५७ मा गरिएको व्यवस्था अनुसार संस्थागत र व्यक्तिगत घरजग्गा बहालकर पूर्ण रूपमा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ।तर व्यवहारमा संस्थागत बहाल कर आन्तरिक राजस्व कार्यालयले सङ्कलन गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्दै आएको छ।स्थानीय सरकारको एकल अधिकार क्षेत्र अन्तर्गत रहेको अधिकारलाई सङ्घीय सरकारले गरेको यो कार्य कानुनसँग बाझिएको छ।तसर्थ, सङ्घीय सरकारले स्थानीय सरकारलाई एकल अधिकारको रूपमा घरजग्गा बहाल कर सङ्कलन र उपयोग गर्न आवश्यक सहजीकरण र सहयोग गर्नुपर्दछ।

### २) स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी, दहत्तर÷बहत्तर आदिको बिक्री

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क मा स्थानीय सरकारहरूले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठदाउरा, जराजुरी, दहत्तर÷बहत्तर आदिको बिक्री गर्ने र बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने कानुनी व्यवस्था गरेको छ।

तर, प्रधानमन्त्री कार्यालयले जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले यस सम्बन्धमा उक्त नदीजन्य तथा निर्माणमुखी वस्तुहरू ढुङ्गा, गिट्टी, बालुवाको बिक्रीबाट प्राप्त राजस्व स्थानीय विभाज्य कोषमा राखी सोमध्ये ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ।

यसरी हेर्दा मापदण्डको प्रावधान र मापदण्डका आधारमा बनेका प्रदेश आर्थिक ऐनहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिन गएकोले यस विषयलाई गम्भीरताका साथ लिन जरुरी छ।स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सँग प्रदेश ऐनहरू र मापदण्ड बाझिन गएको हुँदा कार्यान्वयनमा समस्या देखिएको छ।यदि नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त राजस्व स्थानीय र प्रदेश सरकारका बिचमा बाँडफाँट गर्नुपर्ने नै हो भने स्थानीय सरकार सञ्चालन ऐनमा सोअनुरूप संशोधन गर्न आवश्यक देखिन्छ।

### ३) सवारी साधन कर

प्रदेश र स्थानीय सरकारका बिचमा साझा अधिकारको प्रयोग गर्ने विषयमा समेत केही अन्योलता रहेको देखिन्छ।जसमध्ये प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेको सबैभन्दा महत्त्वपूर्ण कर भनेको सवारी साधन कर हो।यस सम्बन्धमा अन्तर÷सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करको दर

निर्धारण र सङ्कलन प्रदेश सरकारले गर्ने र सोबापत असुली भएको राजस्वमध्ये ६० प्रतिशत प्रदेश र ४० प्रतिशत स्थानीय तहका बिचमा बाँडफाँट गर्ने व्यवस्था रहेको छ।

तर, व्यवहारमा प्रदेश सरकारहरूले सवारी साधन अनुमति पत्र तथा आवेदन दस्तुर, सवारी साधन दर्ता र सरुवा दर्ता दस्तुर, सवारी साधन सरुवा सहमति दस्तुर, सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर, सवारी साधनको अस्थायी दर्ता दस्तुर, विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमति पत्र दस्तुर, सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुर आदिबाट प्राप्त राजस्व प्रदेश विभाज्य कोषमा नराखी प्रदेश सञ्चित कोषमा राख्ने गरी प्रदेश आर्थिक ऐन तर्जुमा गरी सोही अनुसार कार्यान्वयन गर्दै आएको देखिएको छ।

यसरी सवारी साधन कर शीर्षकलाई कर र गैर करका रूपमा विभाजन गरी गैर कर(सवारी साधनसँग सम्बन्धित सेवा शुल्क दस्तुर) बाट प्राप्त राजस्व स्थानीय तहलाई बाँडफाँट गर्ने गरेको पाइँदैन।यसबाट स्थानीय तहहरू अन्यायमा परेका छन्।

अन्तर÷सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्था गरेको छ।साथै, सो बापत उठेको राजस्व स्थानीय सञ्चित कोषमा राख्ने व्यवस्था छ।तर, कोशी प्रदेश, मधेश र लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८० ले त्यस्ता सवारी साधनहरूको समेत दर्ता नवीकरण गर्ने र सङ्कलित राजस्व विभाज्य कोषमा राख्ने कानुनी व्यवस्था गरेको छ।बाँकी प्रदेशहरूले त्यस्ता साना सवारी साधन करको दर निर्धारण र सङ्कलन गर्ने काम सम्बन्धित स्थानीय तहले गर्ने गरी ऐन तर्जुमा गरेका छन्।तथापि, त्यस्ता साना सवारी साधनहरूको दर्ता तथा नवीकरण अझैसम्म स्थानीय तहमा हुन सकेको अवस्था छैन।

यसरी टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्साको दर्ता तथा नवीकरण शुल्क समेत स्थानीय सरकारहरूले आफैँ प्रशासन गरेर स्थानीय सञ्चित कोषमा दाखिला गर्न नसकेको विषयलाई पनि कार्य विस्तृतीकरण प्रतिवेदनमा स्पष्ट पार्न जरुरी देखिन्छ।

### ४) घरजग्गा रजिस्ट्रेसन शुल्क

प्रदेश र स्थानीय तहबिचको अर्को महत्त्वपूर्ण साझा अधिकारका रूपमा रहेको घरजग्गा रजिस्ट्रेसन शुल्क हो। यस सम्बन्धमा अन्तर÷सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को एकल कर प्रशासन सम्बन्धी प्रावधान अनुसार दर निर्धारण प्रदेश सरकारले गर्ने र राजस्व सङ्कलन तथा बाँडफाँट स्थानीय सरकारले गर्ने व्यवस्था गरेको छ।स्थानीय सरकारको आफ्नो छुट्टै प्रशासन नभएकोले हाललाई सङ्घीय सरकारको अन्तर्गत रहेको नापी तथा मालपोत कार्यालयबाट राजस्व सङ्कलन हुँदै आएको छ।तर, यस शीर्षक अन्तर्गत सङ्कलन भएको सबै राजस्व विभाज्य कोषमा दाखिला गरी प्रदेश र स्थानीय सरकारका बिचमा बाँडफाँट भएको देखिँदैन।

### ५) शुत्र सफ्टवेयरको प्रयोगः

नेपाल सरकारले सबै स्थानीय तहमा एकरूपता कायम गर्न आर्थिक प्रशासनका लागि प्रयोग गर्दै आएको शफ्टवेयर आन्तरिक राजस्व सङ्कलनका लागि पनि प्रयोग गरिएको छ।यसले एकरूपता त स्थापित गरेको छ, तर शफ्टवेयर सञ्चालन गर्दा देखापर्ने समस्याका सम्बन्धमा सम्बन्धित निकाय वा जिम्मेवार व्यक्तिसँग सम्पर्क गर्दा तुरुन्त समाधान प्राप्त नहुने गरेको राजस्व सङ्कलनमा काम गर्ने कर्मचारीको रहेको छ।सो शफ्टवेयर प्रभावकारी रूपमा प्रयोग गर्न राजस्व शाखाका कर्मचारी तथा वडा तहमा राजस्व सङ्कलनमा संलग्न कर्मचारीहरूका लागि आवश्यक तालिमको आवश्यकता महसुस गरिएको छ।

### ६)	कर सङ्कलन प्रणाली

नगरपालिकाभित्र रहेका करदाताको व्यवस्थित अभिलेख नभएको र बुझाउन ल्याएको अवस्थामा मात्र कर सङ्कलन गरेको देखिएकोले समग्र करदाता करको दायरामा आएको देखिदैंन।त्यसैले हालसम्म प्राप्त सङ्कलन भएको राजस्व भन्दा निकै बढी सङ्कलन हुन सक्ने अवस्था देखिन्छ।

# परिच्छेद - पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको आवश्यक बजेटसहितको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ।यस कार्ययोजनालाई नगर कार्यपालिकाबाट स्वीकृत गरी यसमा उल्लेख गरिएका क्रियाकलापहरू सम्पन्न गर्दा राजस्व सङ्कलन कार्य प्रभावकारी हुनेछ।

## ५.१ राजस्व सुधारका क्षेत्रहरू

राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने क्रममा राजस्व परिचालनसँग सम्बन्धित कमी÷कमजोरीहरूको पहिचान गरी ती समस्याहरू न्यूनीकरण गर्न विगत ३ आ.व.को यथार्थ आय, चालु आ.व.को अनुमान तथा हालसम्मको प्राप्ति अवस्थाका आधारमा शीर्षकगत रूपमा विश्लेषण गरिएको छ।सोही विश्लेषणको आधारमा सुधारका लागि आवश्यक उपायहरूको पनि पहिचान गरिएको छ।

### दायराः

राजस्व सङ्कलनको दायरा निर्धारण गर्दा संविधान तथा प्रचलित कानुनले निर्दिष्ट गरेका नगरपालिकाका क्षेत्राधिकारभित्र पर्ने राजस्व शीर्षकहरू मात्र छनोट गरिएको छ।नगरपालिकाको अधिकार क्षेत्रभित्र परे पनि आयभन्दा सङ्कलन तथा परिचालन खर्च बढी पर्ने शीर्षकहरूलाई आय प्रक्षेपणमा समावेश गरिएको छैन।राजस्वको दायरा यकिन गर्न करको आधार (सम्पत्ति, आय, वस्तु तथा सेवाको परिमाण, मूल्य तथा उपयोग) को पहिचान गरिएको छ।त्यसपछि करदाता, उपभोक्ता वा सेवाग्राहीको पहिचान गरी, तिनीहरूको सङ्ख्या तथ्याङ्क तथा सरोकारवालासँगका छलफल तथा विगत तथा चालु आ.व.मा ठेक्का सम्झौता भएका शीर्षकहरूको आधारमा निर्धारण गरिएको छ र सोही आधारमा दायरा यकिन गरिएको छ।यस प्रक्रियामा आय सङ्कलनको प्रशासनिक सहजतालाई पनि महत्वपूर्ण मानकका रूपमा समावेश गरिएको छ।

### दरः

करदाताको पहिचान एवं दायरा यकिन पश्चात करका दरहरू निर्धारण गर्दा नगरपालिकाको चालु आ.व.को आर्थिक ऐनको सहायता लिइएको छ।आर्थिक ऐनमा उल्लेख गरिएका करको दरहरू विश्लेषण गरी राजस्वका शीर्षकअनुसार अनुसार करका दरहरू निर्धारण गरिएको छ।सम्पत्ति करलाई प्रगतिशील करको आधारमा सम्भावना विश्लेषण गरिएको छ।करको दर निर्धारण गर्दा तपसिलमा उल्लेखित बुँदाहरूमा ध्यान दिइएको छः

- छिमेकी स्थानीय तह तथा अन्य प्रदेशका स्थानीय तहले लगाउँदै आएको करको दरसँग तुलना गरिएको छ।
- नयाँ क्षेत्रका लागि सुरुमा करको दायरामा ल्याउनका लागि न्यून दरबाट सुरुवात गरिएको छ।
- सम्पत्ति करलाई प्रगतिशील करको दरअनुसार सम्भावना विश्लेषण गरिएको छ।
- सम्पत्तिको मूल्य तथा उपयोगको आधारमा करका दरहरूको निर्धारण गरी सम्भावना विश्लेषण गरिएको छ।
- सेवाको लागत असुली हुने गरी शुल्कको दर निर्धारण गरिएको छ।
- सम्भावना भएता पनि आफ्नो अधिकार क्षेत्र अन्तर्गत नपर्ने शीर्षकलाई आय अनुमानमा समावेश गरिएको छैन।
- करदाताको कर तिर्न सक्ने क्षमता तथा सुविधाको स्तरको आधारमा करको दर निर्धारण गरिएको छ।
- विगत आ.व.मा लगाइएको राजस्वका दरहरू निर्धारण गरी सम्भावना विश्लेषण गरिएको छ।
- व्यवसायलाई प्रतिकुल प्रभाव नपार्ने गरी करको कर निर्धारण गरिएको छ।
- सेवा तथा दस्तुरको लागतका आधारमा करका दरहरू निर्धारण गरिएको छ।

### पुँजीगत लगानी र आर्थिक कारोबार व्यवस्थापनः

करदाताको पहिचान, करदाताको दायरा निर्धारण गरी करका दरहरू न्यायोचित ढङ्गबाट निर्धारण पश्चात राजस्व प्रशासनमा सुधार ल्याउन नीतिगत व्यवस्था, सङ्गठन संरचनामा सुधार, भौतिक सुविधामा सुधार, मानव संसाधन, प्रविधि र सफ्टवेयर, सूचना तथा अभिलेख प्रणालीमा ध्यान दिई राजस्व चुहावट हुन नदिन अनुगमन गर्ने पद्धतिको सिफारिस गरिएको छ।

## ५.२ राजस्व सुधार कार्ययोजना तर्जुमा

राजस्व सुधार कार्ययोजनामा समावेश भएका कतिपय क्रियाकलापहरूका लागि बजेट आवश्यक पर्ने हुन्छ। राजस्व सुधार योजनामा उल्लेख गरिएका क्रियाकलाप सम्पन्न गर्न समयमै बजेटको व्यवस्था नभए प्रस्तावित क्रियाकलाप सम्पन्न गर्न नसकिने हुँदा क्रियाकलाप छनोट गर्दा स्रोतको उपलब्धतालाई पनि ध्यान दिइएको छ।साथै बजेटको उपलब्धताअनुसार क्रियाकलाप सम्पन्न हुने हुँदा समय अवधि निर्धारण गर्दा बजेटको उपलब्धतासँग पनि तालमेल हुने गरी निर्धारण गरिएको छ।नगरपालिकाका सरोकारवालाहरूको छलफलबाट तयार पारिएको राजस्व सुधार कार्ययोजना तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३०:** राजस्व सुधार कार्ययोजना

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु.००० | जिम्मेवारी |
|---|---|---|---|---|
| **(क) कर राजस्व** | | | | |
| सम्पत्ति कर | - सम्पत्ति कर सम्बन्धी कार्यविधिलाई आवश्यक परिमार्जन गरी अझ वैज्ञानिक बनाउने।<br>- गाउँस्तरमा सम्पत्ति कर सङ्कलन अभियान सञ्चालन गरी सम्पत्ति करदाताको लगत सङ्कलन गर्ने | आ.व.२०८३/८४ भित्र | १० | - राजस्व शाखा<br>- प्राविधिक शाखा<br>- राजस्व परामर्श समिति |
| भूमिकर | मालपोत सङ्कलन कार्यविधि तयार पारी लागु गर्ने | २०८३ असार मसान्त | २० | - राजस्व शाखा<br>- प्राविधिक शाखा<br>- राजस्व परामर्श समिति |
| घरजग्गा बहाल कर | घर तथा जग्गा बहालमा लगाउने घरधनीहरूको लगत सङ्कलन गर्ने। | २०८३ भाद्र मसान्त | ३० | - राजस्व परामर्श समिति<br>- राजस्व शाखा<br>- लेखा शाखा<br>- जिन्सी शाखा |
| व्यवसाय कर | नगरपालिका भित्र रहेका व्यवसायीहरूको स्थलगत दर्ता र नवीकरण अभियान सञ्चालन गर्ने | २०८३ मंसिर मसान्त भित्र | २० | - प्रमुख प्रशासकीय अधिकृत<br>- वडा सचिवहरू<br>- राजस्व शाखा |
| | करको दायरामा नआएका व्यवसायीलाई नगरपालिकामा दर्ताका लागि सार्वजनिक सञ्चार माध्यम मार्फत आब्हान गर्ने | प्रत्येक आर्थिक वर्ष भरी नियमित रूपमा | १० | - राजस्व शाखा<br>- लेखा शाखा<br>- वडा सचिवहरू |
| | निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिबाना तथा छिटो | प्रत्येक आर्थिक वर्ष भरी | ० | - नगरपालिका<br>- राजस्व परामर्श समिति |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु.००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | नियमित रूपमा | | - राजस्व शाखा |
| | उद्योग वाणिज्य सङ्घ चौदण्डीगढीका प्रतिनिधिहरूसँग नियमित छलफल र अन्तरक्रिया गर्ने | निरन्तर | १० | - राजस्व परामर्श समिति<br>- राजस्व शाखा |
| विज्ञापन कर | नगरपालिका क्षेत्रभित्र राखिएका विज्ञापन सामग्रीहरूको यकिन तथ्याङ्क पत्ता लगाउने र सोको आधारमा आर्थिक ऐनमा दर निर्धारण गर्ने र न्यूनतम ठेक्का अङ्क कायम गर्ने | आ.व.२०८३/८४ भित्र | १० | - राजस्व परामर्श समिति<br>- राजस्व शाखा |
| साना सवारी साधन | ई÷रिक्सा, टाँगा, ठेला आदिको लगत तयार पारी करको दायरामा ल्याउने आर्थिक ऐनमा यस शीर्षकसँग सम्बन्धित अनुसूचीमा साना सवारीको मात्र दर निर्धारण गर्ने | आ.व.२०८३ असार भित्र | ० | राजस्व शाखा |
| जडीबुटी कवाडी तथा जीवजन्तु कर | कवाडी करको दायरा सुनिश्चत गरी न्यूनतम कबोल अङ्क निर्धारण गरी ठेक्का लगाउने। | आ.व.२०८३ असार मसान्त | १५ | राजस्व परामर्श समिति<br>राजस्व शाखा |
| **(ख) गैरकर राजस्व** | | | | |
| बहाल बिटौरी शुल्क | ठेक्का नलागेका आयका शीर्षकहरूको विस्तृत अध्ययन गरी पुन ठेक्का आव्हान गर्ने | आ.व.२०८३ असार मसान्त | ० | - राजस्व परामर्श समिति<br>- राजस्व शाखा |
| नक्सा पास दस्तुर | ग्रामीण क्षेत्र लगायत बजारी क्षेत्रमा नक्सा पास अनिवार्य गराउने<br>भवन निर्माण मापदण्ड जारी गर्नुभन्दा पहिले निर्माण गरिएका घरहरूको र अभिलेखीकरण गर्न नक्सा पास कार्यविधि तयार पारी लागु गर्ने। | आ.व.२०८३ असार मसान्त | ० | - राजस्व परामर्श समिति<br>- प्राविधिक शाखा<br>- नगर कार्यपालिका |
| फोहरमैला व्यवस्थापन शुल्क | - सरोकारवालासँग विस्तृत रुपमा छलफल गरी न्यूनतम ठेक्का अङ्क कायम गरी ठेक्का लगाउने।<br>- ठेक्का नलागेमा सम्पत्ति करसँग एकीकृत गरी नगरपालिकाले आफै सङ्कलन गर्ने। | | | - राजस्व शाखा |
| **(ग) राजस्व प्रशासन** | | | | |
| सूचना तथा पारदर्शिता | स्थानीय सञ्चार माध्यमको अधिकतम् प्रयोग गरी करदाताहरूलाई कर तिर्न सुसूचित गर्ने।<br>नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू र बजार क्षेत्रमा | आ.व.२०८३ मंसिर मसान्त | १० | - नगर कार्यपालिका<br>- प्रमुख प्रशासकीय अधिकृत<br>- लेखा शाखा<br>- राजस्व शाखा |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु.००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | करबाट सङ्कलन भएको रकम खर्च हुने शीर्षक समावेश गरी फ्लेक्स प्रिन्ट बनाई टाँस्ने | | | - वडा सचिवहरू |
| अनुगमन | करदाताहरूको विवरण अद्यावधिक गर्ने छुटेका करदातालाई करदाताको सूचीमा समावेश गर्ने।<br>राजस्व अनुगमन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने<br>वडा कार्यालयहरूबाट सङ्कलन भएको राजस्व बढीमा एक हप्ताभित्र बैंकमा जममा गरी बैंक भौचर राजस्व शाखामा बुझाउने व्यवस्था मिलाउने<br>कर सङ्कलनमा हुन सक्ने चुहावटलाई ध्यानमा राखी अनुगमनलाई थप प्रभावकारी बनाउने | मासिक रूपमा | १० | - राजस्व परामर्श समिति<br>- राजस्व शाखा |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | बढी कर तिर्ने वा अन्य किसिमका उत्कृष्ट करदातालाई सम्मान गर्ने<br>कार्यसम्पादन मूल्याङ्कनको आधारमा कर्मचारीहरूलाई पुरस्कृत गर्ने | वार्षिक रुपमा | १५ | - नगर कार्यपालिका<br>- प्रमुख प्रशासकीय अधिकृत |
| सूचना प्रविधिको उपयोग | राजस्व शाखामा कार्यरत कर्मचारीहरू र वडा सचिवहरूलाई राजस्व सङ्केतअनुसार राजस्व सङ्कलन गर्न आवश्यक तालिम उपलब्ध गराउने | - | ३० | - राजस्व शाखा<br>- प्रमुख प्रशासकीय अधिकृत |
| | शीर्षकगत करदाता विवरण तयारी अद्यावधिक गर्ने | वार्षिक रूपमा | १० | - राजस्व शाखा,<br>- सुचना प्रविधि शाखा |
| | **जम्मा** | | **२००** | |

*स्रोतः नगरपालिकास्तरीय* छलफल, २०८२

## ५.३ बजेट अनुमान

राजस्व सुधार कार्ययोजनामा समावेश गरिएका केही गतिविधिहरू कार्यालयको नियमित कार्यप्रणालीमार्फत नै सहज रूपमा कार्यान्वयन गर्न सकिने छन्।तर केही गतिविधि नगरपालिकाको दैनिक कार्यसूचीभन्दा बाहिर पर्ने भएकाले, ती कार्य सम्पन्न गर्न अतिरिक्त जिम्मेवारी तथा बजेट आवश्यक पर्छ।यस्ता अतिरिक्त कार्यभार पूरा गर्न छुट्टै बजेटको व्यवस्था गरिएको छ।कार्ययोजनामा सिफारिस गरिएका सबै क्रियाकलाप कार्यान्वयन गर्न करिब रु.२ लाख बजेट आवश्यक पर्ने अनुमान गरिएको छ।

# परिच्छेद - छः आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षका लागि नगरपालिकाको राजस्व प्रक्षेपण प्रस्तुत गरिएको छ। राजस्व प्रक्षेपण **"महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ (संशोधनसहित)"** मा उल्लेखित शीर्षकहरू तथा राजस्व सङ्केतको आधारमा तयार गरिएको हो। नगरपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन स्थिति तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयनपश्चात आय सङ्कलनमा पर्ने सम्भावित प्रभावलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ।यो प्रक्षेपणले नगरपालिकाको आय बजेट तर्जुमा गर्न महत्वपूर्ण आधार प्रदान गर्नेछ।

## ६.१ राजस्व प्रक्षेपणका विधिहरू

राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा ल्याउँदा नगरपालिकाको राजस्व सङ्कलनमा पर्ने प्रभावको विश्लेषण गरी आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गरिएको छ।राजस्व प्रक्षेपण गर्ने क्रममा, राजस्वका स्रोतहरूलाई एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या,२०७४(संशोधनसहित) मा तोकिएका राजस्व सङ्केतहरूका आधारमा समावेश गरिएको छ।

आय प्रक्षेपण गर्दा तथ्याङ्क विश्लेषणका आधारहरूमा सकेसम्म यथार्थ अवस्थासँग मेल खाने गरी प्रक्षेपण गरिएको छ।राजस्व प्रक्षेपणका लागि, तपसिलमा उल्लिखित विधिहरूमध्ये उपलब्ध सूचनासँग मेल खाने एक विधिलाई प्रयोगमा ल्याइएको छः

**तथ्याङ्कीय आधारः** करदाताको सङ्ख्या, करको दर र विद्यमान दायरा सम्बन्धी सूचना उपलब्ध भएको शीर्षकमा करदाता सङ्ख्या × करको औसत दर × दायरामा ल्याउन सक्ने प्रतिशतबाट प्रक्षेपण गरिएको छ।जस्तैः सम्पत्ति कर, भूमिकर, व्यवसाय कर, घरजग्गा बहाल कर आदि।

**विगतको राजस्व वृद्धिदरको आधारः** करदाता सङ्ख्या यकिन गर्न नसकिने र समयानुकूल करका दर परिमार्जन हुँदै आएका स्रोतहरूमा विगतको राजस्वको वृद्धिदरलाई आधारमा प्रक्षेपण गरिएको छ। नगरपालिकाको राजस्वका दर परिवर्तन गर्ने योजना भएका स्रोतको प्रक्षेपण गर्दा सो विषयलाई पनि ध्यानमा दिइएको छ।जस्तैः व्यवसाय कर, सिफारिस तथा प्रमाणित दस्तुर आदि।

**सम्झौताको आधारः** कुनै शीर्षकमा आम्दानी प्राप्त हुने गरी विगत तथा चालु आ.व.मा सम्झौता भएको अवस्थामा सोही सम्झौतालाई नै आधार मानी राजस्व प्रक्षेपण गरिएको छ।जस्तैः विज्ञापन कर, बहाल बिटौरी शुल्क आदि।

**लमसम वृद्धिदरः** नगरपालिकाको नियन्त्रणमा नभएका र विगतका आ.व.मा आय सङ्कलनका लागि सम्झौता पनि नभएका स्रोतहरूको हकमा र विगतको राजस्व प्राप्तिको अवस्था विश्लेषण गरी मूल्यवृद्धि तथा जनसङ्ख्या वृद्धिको योग करिब १० प्रतिशत भएकाले सोको आधारमा गत आ.व.मा प्राप्त भएको आयमा १० प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान गरिएको छ।उदाहरणः नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सङ्घसंस्थाबाट प्राप्त हुने अनुदान, रोयल्टी, राजस्व बाँडफाँट आदि।

**अनुमानः** आय सङ्कलन गर्नका लागि कुनै प्रकारको सूचना नभएको र नगरपालिकाका लागि बिलकुलै नयाँ स्रोतको हकमा सरोकारवालाहरूसँग गरिएको छलफलको आधारमा तथ्याङ्क अनुमान गरी राजस्वका दर प्रस्ताव गरी प्रक्षेपण गरिएको छ।उदाहरणः अनुमति दस्तुर।

**शून्य प्रक्षेपणः** विगतको आ.व.मा आय सङ्कलन नभएका र आगामी आ.व.मा पनि नगरपालिकाले आय अनुमान नगरेका र सङ्कलन गर्न सकिने कुनै सम्भावना नदेखिएका आयका शीर्षकहरूमा आय प्रक्षेपण गरिएको छैन।

## ६.२ राजस्व सङ्कलनमा पर्ने असरको प्रारम्भिक आकलन

यस अध्ययनको क्रममा पहिचान गरिएका राजस्वको शीर्षकहरूको दायरा वृद्धि गर्दै जाँदा नगरपालिकाको आन्तरिक आयमा उल्लेख्य रूपमा प्रभाव पार्ने देखिन्छ।विगतका आ.व.मा दायरामा नआएका राजस्वका शीर्षकहरूको पहिचान गरी करका दायरामा ल्याउँदा राजस्वमा उल्लेख्य मात्रामा वृद्धि हुने आकलन गरिएको छ।आगामी आ.व.मा आन्तरिक आयको वृद्धिमा उल्लेख्य रूपमा प्रभाव पार्ने प्रमुख शीर्षकहरूको विश्लेषण तपसिलमा उल्लेख गरिएको छः

### क) सम्पत्ति कर

यस नगरपालिकामा विगतका आर्थिक वर्षदेखि सम्पत्ति कर सङ्कलन हुँदै आएको भए पनि सबै करदाता करको दायरामा आएको अवस्था छैन।आगामी वर्षमा सम्पत्ति करदाताको लगत सङ्कलन गरी शुत्र शफ्टवेयरमा अद्यावधिक गर्ने तथा गाउँस्तरमा कर सङ्कलन अभियान सञ्चालन गर्दा सम्पत्ति कर राजस्व उल्लेख्य मात्रामा वृद्धि हुने आकलन गरिएको छ।

### ख) घरजग्गा बहाल कर

यस नगरपालिकामा घरजग्गा बहाल कर विगतका आर्थिक वर्षहरूमा मुख्यतः व्यावसायिक प्रयोजनका लागि वा संस्थागत रूपमा भाडामा दिने घरधनीहरूबाट अधिक मात्रामा प्राप्त हुँदै आएको छ।घर तथा जग्गा बहालमा लगाउने घरधनीहरूको लगत व्यवस्थित रूपमा सङ्कलन गरी व्यक्तिगत प्रयोजनका लागि भाडामा दिएको घरबाट भाडा रकमको १० प्रतिशत बहाल करको रूपमा सङ्कलन गर्न सकिने हुँदा, यस अभियानबाट करको दायरा विस्तार हुने र आगामी आर्थिक वर्षमा बहाल कर वृद्धि हुने अनुमान गरिएको छ।

### ग) व्यवसाय कर

व्यवसाय करको सुरुवात यस नगरपालिकाले गर्दै आएको छ । अधिकांश भाग गाउँले भरिएको यस नगरपालिकामा आउँदा दिनमा बाटोघाटो लगायत अन्य पूर्वाधारको विकासले नगरपालिकाको ग्रामीण क्षेत्रमा पनि विभिन्न किसिमका व्यवसायहरूको सुरुवात हुँदै गएको पाइन्छ।नगरपालिका भित्र रहेका व्यवसायीहरूको स्थलगत दर्ता र नवीकरण अभियान सञ्चालन गर्दा व्यवसाय करमा उल्लेख्य मात्रामा आय सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

### घ) नक्सा पास दस्तुर

यस नगरपालिकामा बाटोघाटो लगायत अन्य पूर्वाधारको विकास सँगै पक्की घर तथा भवनहरूको निर्माण हुँदै गएको पाइन्छ।बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ अनुसार नगरपालिकाबाट अनुमति नलिई निर्माण गरिएका घरहरूको अभिलेखीकरण गर्दा यस शीर्षकमा उल्लेख्य मात्रामा आय आर्जन हुने सम्भावना रहेको छ।

### ङ) साना सवारी साधन कर

यस शीर्षकमा विगतका आ.व.मा राजस्व सङ्कलन नभएकोमा आगामी आ.व.देखि यस शीर्षकलाई पनि दायरामा ल्याउँदा आन्तरिक आयमा उल्लेख्य मात्रामा वृद्धि हुने आकलन गरिएको छ।

### च) फोहरमैला व्यवस्थापन शुल्क

यस शीर्षकमा यस नगरपालिकाले फोहरमैला व्यवस्थापन कार्य निशुल्क रुपमा गर्दै आएको छ।यस शीर्षकमा ठेक्का लगाई शुल्क सङ्कलन वा यो सेवाको पहुँच पुगेका घरपरिवार तथा व्यवसायीहरूसँग नगरपालिकाले सम्पत्ति कर तथा मालपोतसँग एकीकृत गरी सङ्कलन गर्दा उल्लेख्य मात्रामा आय सङ्कलन हुने देखिन्छ।

## ६.३ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापहरूको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व.२०८३/८४÷२०८५/८६) का लागि राजस्व प्रक्षेपणका आधारहरू प्रस्तुत गरिएको छ।राजस्वको प्रक्षेपण गर्दा विगतका ३ आ.व.को राजस्व वृद्धिदर, चालु आ.व.मा गरिएको अनुमान र चालु आ.व.को मंसिर २ गते सम्म सङ्कलन भएको आयका आधारमा गरिएको छ।गत आ.व.मा नसमेटिएका आयका शीर्षकहरूको हकमा राजस्व सुधार कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापको आधारमा तथ्याङ्कमा आधारित भएर गरिएको छ।स्थानीय तहको आय वृद्धिदर कम्तीमा पनि मूल्यवृद्धि, जनसङ्ख्या वृद्धि र सेवाग्राहीको सङ्ख्यामा हुने वृद्धिसँग मिल्दोजुल्दो हुने गरी गर्दा कम्तीमा १० प्रतिशत हुने गरी गरिएको छ।आय प्रक्षेपणका आधारहरूलाई शीर्षकगत रूपमा देहायअनुसार व्याख्या गरिएको छ।

**तालिका नं. ३१:** आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका आधारहरू (रु.हजारमा)

| राजस्व संकेत | राजस्व शीर्षक | २०८२/८३ कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **क.** | **आन्तरिक आय तर्फ** | **११४५४१** | |
| ११३१३ | सम्पत्ति कर | ५०४९२ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने अनुमान गरिएको |
| ११३१४ | भूमिकर (मालपोत) | ८५२० | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | ३८११ | आ.व. २०८३/८४ मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
